# हाडिगाउँको सत्यनारायण जात्रा

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा

स्नातकोत्तर उपाधिको आंशिक

परिपूर्तिको निमित्त प्रस्तुत

**शोधप्रबन्ध**


शोधकर्ता

समीर रेग्मी

त्रि.वि. दर्ता नं. ८-२-४१-२४६-२०१७



नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग,

कीर्तिपुर, काठमाडौँ

त्रिभुवन विश्वविद्यालय

२०८०

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय अर्न्तगत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व स्नातकोत्तर तहको पत्र शोधप्रबन्धको पाठ्यक्रमको परिपूर्तिको लागि यस केन्द्रीय शिक्षण विभागका विद्यार्थी समीर रेग्मीद्वारा प्रस्तुत ***हाडिगाउँको सत्यनारायण जात्रा*** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार भएको व्यहोरा प्रमाणित गर्दै आवश्यक मूल्यांकनको लागि सिफारिस गर्दछु ।

**डा. निर्मला पोखरेल**

**शोध निर्देशक**

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

मिति :

# प्रतिवद्धता पत्र

त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रीय विभागबाट स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि ***हाडिगाउँको सत्यनारायण जात्रा*** अध्ययन विषयमा डा. निर्मला पोखरेल ज्यूको शोध निर्देशनमा यस शोध पत्र तयार पारिएको हो । यो शोधप्रबन्ध मेरो मौलिक लेखन भएको र कुनै पनि उपाधिका लागि अन्य विश्वविद्यालय वा प्राज्ञिक संस्थामा पेस नगरेको घोषणा गर्दछु ।

समीर रेग्मी

शोधार्थी

मिति :

# कृतज्ञताज्ञापन

प्रस्तुत ***हाडिगाउँको सत्यनारायण जात्रा*** शीर्षकको शोधपत्र मैले आदरणीय गुरु डा. निर्मला पोखरेल को निर्देशनमा तयार पारेको हुँ । यसको तयारीका क्रममा प्राध्यापन तथा विविध व्यस्तताका बिच पनि मलाई आफ्नो अमूल्य समय दिई शोधकार्यमा अभिप्रेरित गर्नाका साथै सचेत र सहज गराउँदै निरन्तरता प्रदान गरी प्रस्तुत शोधपत्रलाई यस रूपमा ल्याउन समूचित मार्ग निर्देशन गरिदिनु हुने तथा आवश्यक सामग्रीसमेत उपलब्ध गराइदिनुहुने मेरा शोधनिर्देशक श्रद्धेय गुरूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान, निर्माण गर्नुमा थप प्रेरणा र हौसला प्रदान गर्नुहुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा. डा. सोमप्रसाद खतिवडाप्रति म कृतज्ञ छु ।

यस शोध गर्ने समयमा सल्लाह सुझाव दिनुहुने आदरणीय गुरु डा. तिना मानन्धर र सह-प्राध्यापक डा. सन्ध्या खनाल पराजुली प्रति पनि हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यसैगरी शोधपत्र तयार गर्ने क्रममा सहयोग, सुझाव र प्रेरणा दिनुहुने नेपाली केन्द्रीय विभागका आदरणीय गुरुहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । त्यस्तै शोधपत्र लेखनका लागि आवश्यक सामग्री उपलब्ध गराइदिने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, कीर्तिपुर परिवार र नेपाली इतिहास, संस्कृति तथा पुरातात्व केन्द्रीय विभागको पुस्तकालयप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । विविध पारिवारिक समस्याका बाबजुत मलाई शिक्षित बनाउन हर कदम सहयोग गर्नुहुने र आशीर्वाद प्रदान गर्नुहुने र मलाई उत्प्रेरित गर्नुहुने मेरी पूजनीय आमा संगीता रेग्मी, भाई सुबिज्ञ रेग्मी तथा मलाई साथ सहयोग र हौसला प्रदान गर्नुहुने मेरो सम्पूपर्ण परिवारप्रति म कृतज्ञ छु । त्यस्तै यो शोधपत्र तयार पार्ने समयमा मलाई सहयोग गर्नुहुने सम्पूर्ण साथीहरूप्रति म हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

समीर रेग्मी

# शब्दावली

| | | |
|---|---|---|
| ईका-पोका | - | तोरी र सरसैको दानाहरू |
| इटा | - | धूप बत्ती |
| गाडँ | - | गुच्छा |
| छोयला | - | अगिल्लो राती बलि दिएको भेडा र राँगाको मासु पोलेर, मरमसला मिलाई बनाइएको परिकार |
| जाँड | - | घरेलु प्रविधिबाट बनाइएको मादक पेय पदार्थ, रक्सी |
| ट्याँ | - | धान वा जौलाई भूटेर फूलाएको पदार्थ |
| थासा | - | पानको पात जस्तै देखिने मैनको फूल बनाउन प्रयोग गरीने साँचो |
| नायखी बाजः | - | शाही परिवारद्वारा बजाइने बाजा अथवा कसाई बाजा |
| पैटाः खलः | - | महर्जनद्वारा बजाइने बाजा टोली |
| बाजः | - | बाजा वा बाजा बजाउने टोली |
| भंगेरी | - | शोली आकारको (त्रिकोण) गजुर सँग जोडेको खटको भाग |
| मट्ख | - | घरको जग जस्तै खटको जग |
| मान्द्रा | - | माथिको भाग जसमा देउताको प्रतिमालाई अड्याई राखिएको हुन्छ |
| ल स्वाः | - | धुपीको बोटका हागाँहरू |
| लाकासी | - | मट्खमा तेर्सो अड्याईएका दुई लामा काठका खम्बाहरू |
| स्वसीँ | - | खट धान्ने एउटा खम्बा |
| सिसा-फूसा | - | केराउ र फलफूलको मिश्रण |

## विषय सूची


| | |
|---|---|
| **शोध निर्देशकको सिफारिस पत्र** | **ख** |
| **प्रतिवद्धता पत्र** | **ग** |
| **कृतज्ञताज्ञापन** | **घ** |
| **शब्दावली** | **ङ** |
| **विषय सूची** | **च** |
| **अध्याय एक : अनुसन्धानको परिचय** | **१–९** |
| १.१ विषय परिचय | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोधको उद्देश्य | २ |
| १.४ पुर्व साहित्य समीक्षा | ३ |
| १.५ अध्ययनको महत्त्व | ७ |
| १.६ अध्ययनको औचित्य | ७ |
| १.७ अध्ययनको सीमा | ८ |
| १.८ अध्ययनको विधि | ८ |
| १.८.१ प्राथमिक श्रोत | ८ |
| १.८.२ द्वितीयक श्रोत | ८ |
| १.९. अध्ययनको रूपरेखा | ९ |
| **अध्याय दुई : सत्यनारायणको जात्राको ऐतिहासिकता** | **१०–१६** |
| २.१ जात्राको परिचय | १० |
| २.२ हाडिगाउँको भौगोलिक परिचय | ११ |
| २.३ जात्राको ऐतिहासिकता | १२ |
| **अध्याय तीन : सत्यनारायण जात्राको मूर्त तथा अमूर्त विधि तथा विशेषता** | **१७–४३** |
| ३.१ सत्यनारायण भगवान | १७ |
| ३.२ सत्यनारायणको जात्रा | १७ |
| ३.३ विधि | १८ |
| ३.३.१ जात्राको पूर्व तयारी | १९ |

३.३.२ जात्राको दिन २२

३.३.३ जात्राको पूर्ण समाप्तिको दिन २६

३.४ खटमा रहेका महत्त्वपूर्ण भाग र त्यसका विश्वासहरू २७

३.४.१ जात्राका देवता २७

३.४.२ देवता राखिएका सेतो कपडाको पृष्ठभूमि २८

३.४.३ धुपीको हरियो हाँगा २८

३.४.४ मैनको फूल २८

३.४.५ घुम्ने गरी बनाइएको खट २८

३.४.६ खटको स्वरूप २९

३.५ जात्रामा प्रयोग भएका मूर्तिहरूको प्रतिमालक्षण २९

३.५.१ उमामहेश्वर परिवार, सूर्य, चन्द्र र गंगा २९

३.५.२ सत्यनारायण ३०

३.५.३ ब्रह्मा ३१

३.६ खटको विवरण ३१

३.७ खटको परिक्रमा पथ ३३

३.८ जात्रामा कामको बाँडफाँड ३४

३.८.१ पुजा गर्ने ३४

३.८.२ विशेष पुजारी ३५

३.८.३ खट बाध्ने वा खटको काम गर्ने ३५

३.८.४ खट बिग्रेको बनाउने ३५

३.८.५ बाजा बजाउने ३५

३.८.५ खट उचाल्ने ३६

३.८.६ खट नायक ३६

३.८.७ सामान र मसलन्द व्यवस्थापन ३७

३.९ आख्यानहरू ३८

३.९.१ जात्राको सुरुवात सम्बन्धी ३८

३.९.२ जात्रा सम्बन्धी किम्बदन्ती ३९

३.१० कहि नभएको जात्रा हाडिगाउँमाका रुपमा प्रचलित हुनुका कारण ४२

**अध्याय चार : पाँच दशक यता जात्रामा आएको परिवर्तन र समस्याहरू ४४–४९**

४.१.परिवर्तन ४४

४.२.समस्याहरू ४६

**अध्याय पाँच : उपसंहार ५०–५३**

५.१. छलफल ५०

५.२ सुझाव ५२

**सन्दर्भ ग्रन्थ सूची ५४–५५**

**परिशिष्ट ५६–७१**

परिशिष्ट १ : अन्तर्वार्ता लिइएका व्यक्तिहरूको नामावली ५६

परिशिष्ट २ : सोधिएका प्रश्नहरूको नमूना ५७

परिशिष्ट ३ : सत्यनारायण जात्रामा प्रयोग हुने मूर्तिको फलकमा लेखिएको लेखको लिप्यान्तर ५८

परिशिष्ट ४ : गुठी संस्थानबाट हाडिगाउँ जात्राको लागी जाने जिन्सी सामग्रीको विवरण ५९

परिशिष्ट ५ : चित्रफलक ६०

# अध्याय : एक
# अनुसन्धानको परिचय

## १.१ विषय परिचय

यस अध्ययन काठमाडौँ उपत्यकामा अवस्थित हाडिगाँउ क्षेत्रमा आश्विन शुक्ल पूर्णिमाका दिन मनाइने सत्यनारायणको जात्रामा आधारित छ । काठमाडौँमा मनाइने धेरै जात्राहरू छन् जसमा हाडिगाउँको सत्यनारायणको जात्रा नौलो र आफ्नौ मौलिक किसिमको जात्रा रहेको छ ।

नेपालका विभिन्न ठाउँहरूमा विभिन्न प्रकारका जात्राहरू मनाउने गरिन्छ । यस्ता जात्राहरू र त्यस सम्बन्धी पुजा, नेपालमा प्राचीनकाल देखि नै प्रचलनमा रहेका छन् । यी जात्रा तथा पर्वहरू धार्मिक, सामाजिक, राजनीतिक, मनोरन्जन तथा स्वस्थ्यका दृष्टिकोणले समेत महत्त्वपूर्ण रहेका छन् (लेभी, २००७, पृ. २४) । यस्ता जात्राले उक्त ठाउँको छुट्टै पहिचान समेत बनाउने गरेका छन् । काठमाडौँको प्राचीन बस्तीको रूपमा प्रचलीत हाडिगाउँ, काठमाडौँ बिचको बस्ती रहेपनि आफ्नो छुट्टै मौलिकता लिएर बसेको छ ।

यस ठाउँमा धेरै जात्रा र पर्वहरू मनाइने गरिएको छ । यस मध्य "सत्यनारायणको जात्रा" अर्थात् "कही नभएको जात्रा हाडिगाउँमा" अर्थात् " चोक्टे नारायणको जात्रा" नेपाल भरि नै प्रख्यात छ । प्राचिनकाल देखि चलि आएको यस जात्रा, अरू जात्राहरु भन्दा फरक र मौलिक किसिमको छ । यसको त्यस फरकपन, उक्त जात्रामा प्रयोग हुने खटमा देख्न सकिन्छ । अरू जात्रामा देउता तल र गजुर माथि भएको रथ वा खट निर्माण हुन्छ भने यस जात्रामा त्यसको उल्टो, देउता माथि, गजुर तल भएको खट निर्माण हुन्छ । हरिराम जोशी (वि.स. २०७०, पृ. ४८५) यस प्रकारको जात्रा नेपालमा अर्को दोस्रो जात्रा नभएको भन्नुहुन्छ । विभिन्न प्रकारका आख्यानहरू भएता पनि दुई दिदी बहिनीको बच्चा जन्माउने कुरा र भगवान सत्यनारायण बिचको सम्बन्धमा रहि यस जात्राको सुरुवात भएको भनेर सबैले मान्दै आएका छन् । हाडिगाउँमा मनाइने यो जात्रा शरदकालीन जात्रा हो । आश्विन शूक्ल पूर्णिमाका दिन मनाइने यस जात्रामा ब्रह्मा, विष्णु र शिव प्रतिकका तीन खटमा धातुका तीन मूर्ति सजाइएका हुन्छन् र त्यसलाई बाजागाजा सहित हाडिगाउँका मानिसहरू खट

बोकी हाडिगाउँको परिक्रमा गरेर उत्सव मनाउने गर्दछन् । यहाँ हाडिगाउँका मात्र नभएर काठमाडौँ उपत्यका वा नेपाल भरीकै मानिसहरूको उल्लेख्य उपस्थिति हुने गर्दछ ।

## १.२ समस्या कथन

काठमाडौँ उपत्यका, काठमाण्डौँमा सम्पन्न हुने धेरै जात्राहरू मध्ये हाडिगाउँको सत्यनारायण जात्रा अर्थात् कहि नभएको जात्रा हाडिगाउँमा केन्द्रित रही यसको अनुसन्धान गरिन आवश्यक भएकोले यस अध्ययनको समस्या कथनलाई बूदागत समस्याहरूमा राखिएको छ ।

क) हाडिगाउँको सत्यनारायण जात्राको ऐतिहासिकताको बारेमा अध्ययन नभएको ।

ख) हाडिगाउँको सत्यनारायण जात्राको मूर्त तथा अमूर्त विशेषता र विधिको अध्ययन नभएको ।

ग) हाडिगाउँको सत्यनारायण जात्राको ४-५ दशकयता देखिएको परिवर्तन र समस्याहरूको अध्ययन नभएको ।

## १.३ शोधको उद्देश्य

काठमाडौँ सहरको बिचमा रहेको हाडिगाउँमा काठमाडौँ सहरमा हुने जात्रा भन्दा अलि पृथक जात्रा हुन्छ । यस अध्ययनको मूल उद्देश्य हाडिगाउँमा प्रचलित सत्यनारायण जात्राको विश्लेषणात्मक तथा विवरणात्मक अध्ययन गर्नु हो । यस अध्ययनको उद्देश्य निम्नानुसार रहेका छन् ।

क) हाडिगाउँको सत्यनारायण जात्राको ऐतिहासिकताको अध्ययन गर्नु ।

ख) हाडिगाउँको सत्यनारायण जात्राको मूर्त तथा अमूर्त विशेषता र विधिको अध्ययन गर्नु ।

ग) हाडिगाउँको सत्यनारायण जात्राको ४-५ दशकयता देखिएको परिवर्तन र समस्याहरूको जानकारी गराउनु ।

## १.४ पुर्व साहित्य समीक्षा

नेपालका चाडपर्व, जात्राका बारेमा विभिन्न साहित्यिक स्रोतबाट थाहा पाउन सकिन्छ। धेरै जात्रा र पर्वको विवरण सहित पुस्तक, लेखहरू लगायत सामाग्री प्रकासित भएपनि यस हाडिगाउँको सत्यनारायणको जात्राको बारेमा विस्तृत विवरण पाइदैन। जेजति अध्ययन भएका छन्, तिनीहरूको अध्ययन समीक्षा यस प्रकार रहेको छ।

धनबज्र बज्राचार्य (वि.सं.२०३०) द्वारा लिखित *लिच्छवीकालका अभिलेख* नामक पुस्तकमा हाडिगाउँमा रहेका शिलालेखको लिपियान्तर गरी त्यहाँ विभिन्न जात्रा, पर्वका बनाइएका गुठीहरू आदिको जानकारी प्राप्त गर्न सकिन्छ। धेरै शिलालेखको लिपियान्तर गरिको यस पुस्तकमा उक्त शिलालेखहरूको विश्लेषण र विवेचना गरिएको पाइन्छ तसर्थ उक्त पुस्तक यस अनुसन्धानको लागि उपयुक्त छ। धेरै शिलाको अनुवाद, लिपियान्तर भएको यस पुस्तकबाट हामी नेपाली इतिहासको धेरै कालखण्डको विवरण पाउन सक्दछौं। हाडिगाउँमा रहेको शिलाको पनि लिपियान्तर र अनुवाद यस पुस्तकबाट प्राप्त हुन्छ। अझ यस ठाँउको ऐतिहासिकता, त्यहाँको रहनसहन, जात्राको गुठीहरू, प्रकृया आदिको जानकारी यस पुस्तकले दिएको छ। प्रमुख नेपाली इतिहासको श्रोत भएको र धेरै इतिहासका पक्षहरूको जानकारी दिने यो पुस्तक यस अध्ययनमा सहयोगी देखिएकोले यसको समीक्षा गरिएको छ।

लैनसिंह वाङ्गदेल (१९९५) द्वारा लिखित *ईन्भेन्टोरी अफ स्टोन इस्कल्पचर अफ काठमाडौं भ्याली* नामक पुस्तकमा लेखकले नेपालमा रहेका विभिन्न लिच्छवीकालीन तथा मध्यकालीन प्रस्तरका मूर्तिहरूको संग्रह गरेर, विभिन्न मूर्तिहरूको अवस्था, कलाकृती, बनावट आदिको सूचना दिनूभएको छ। हाडिगाउँ सत्यनारायणको जात्रामा सत्यनारायणको मन्दिरमा पूजा गरिने सत्यनारायणको मूर्तिको बनावट, अवस्था र उक्त मूर्ति बनेको समय यस पुस्तकमा रहेको छ। यस पुस्तक अनुसार उक्त सत्यनारायणको मूर्ति दोस्रो-तेस्रो ईशा शताब्दीको रहेको अनुमान गरिएको छ। उक्त सूचनाले यस जात्राको सूरूवातलाई दोस्रो शताब्दी हुन सक्ने हामी अनुमान लगाउन सक्दछौं। यस पुस्तकमा हाडिगाउँमा रहेका अन्य मूर्तिहरूको चित्र साथै विवेचना पनि समावेश गरिएको छ। उल्लेखित कारणले यो पुस्तक यस अध्ययनको सहयोगी रहनेभएकाले यसको समीक्षा गरिएको छ। मूर्ति मात्र नभई यसको

प्रतिमालक्षणको पनि यस पुस्तकबाट हामी संक्षिप्त रूपमा जानकारी पाउन सक्दछौं जुन हाडिगाउँमा हुने जात्राको मूर्तिहरू सँग तूलना गर्न मद्दत पुऱ्याउँछ। चित्रहरूबाट मूर्तिहरूको मात्रै जानकारी पाइने भएकाले कता कता यो पुस्तक यस अध्ययनका लागी अभाव भएको पनि देखिएको छ।

सुदर्शन राज तिवारी (२००२) द्वारा लिखित *द ब्रिक एण्ड द बूल* का अनुसार यो जात्रा बच्चाको जन्म र सत्यनारायण भगवान बिचको सम्बन्धलाई लिएर मनाइन्छ भन्नुहुन्छ। उक्त पुस्तकमा सत्यनारायण जात्राको बारेमा र उक्त जात्राका धेरै पक्षहरूको विवेचना गरिएको छ। यसमा जात्राका मूर्त तथा अमूर्त पक्ष साथसाथै जात्राको इतिहासको पनि अध्ययन गरिएको छ। सुदर्शन राज तिवारीको यस पुस्तकले जात्राको मात्र नभएर हाडिगाउँको ऐतिहासिकता, यसको विवरण, हाडिगाउँमा हुने अन्य जात्राहरू र यिनीहरुको एकआपसको सम्बन्धको पनि विवेचना गरेको छ। उहाँको यस पुस्तकले हाडिगाउँलाई पहिले विशालनगरी भनिने जुन बुढानिलकण्ठ देखि शंखमूल सम्म रहेको, यस ठाउँमा सम्भवत अंशुवर्माको कैलाशकूट भवन रहेको आदिको पनि जानकारी दिनुभएको छ। यस पुस्तकमा हामी हाडिगाउँ सत्यनारायण जात्राको खटको विवरण, जात्राको पथ, जात्राको सुरुवात, ऐतिहासिकता आदि विभिन्न विवरण पाउने भएकोले यो पुस्तक यस अध्ययनका लागी एक प्रमुख समीक्षाको श्रोत रहेको छ। उक्त पुस्तकमा यस ठाउँको ऐतिहासिक र सांस्कृतिक, दुवै पक्षको विवेचना गरिएतापनि हाडिगाउँको यस जात्रामा प्रयोग हुने मूर्तिको फलकमा लेखिएको लेखको विश्लेषण छैन। त्यसैले यस जात्राको तथ्यांक पूरा नभएको मान्न सकिन्छ।

नेवा समाज (वि.सं.२०५४) द्वारा प्रकाशित *नेवा देय दव* पुस्तकले नेवारहरूको संस्कृति तथा जातिको जानकारी प्रदान गरेको छ। बिध्यमान नेवारी समाजका पर्व, जात्राहरू आदिको विवरण र विश्लेषण भएको यस पुस्तकले नेवारी संस्कृति जान्न सहयोग गरेको छ। नेवारी पद्धति र चलनलाई जाने यस अध्ययनमा सहयोग रहने भएकोले यस पुस्तक यो अध्ययनका लागी महत्त्वपूर्ण रहेको छ। नेवारी समाजमा हुने धेरै जात्रा र पर्वहरूको जानकारी यस पुस्तकले दिएकोले यस पुस्तक यो अध्ययनमा सहयोगी देखिएको छ तर यसमा यस जात्राको बारेमा जानकारीको भने अभाव रहेको छ।

सिल्भौ लेभी द्वारा लिखित र डिल्लीराम उप्रेती (२००७) द्वारा अनुवादित *नेपाल, हिन्दु अधिराज्यको इतिहास* नामक पुस्तकमा सिल्भौ लेभीले नेपालको संस्कृति, चाडपर्व आदिको जानकारी र विश्लेषण गर्नुभएको छ। नेपालमा बिध्यमान जात्राहरू, तिनका विधि, समय र विभिन्न जात्राहरू सम्बन्धी विश्लेषणका साथसाथै धेरै जात्रा, पर्वहरूको मूर्त तथा अमूर्त पक्षहरूको जानकारी भएको यस पुस्तकबाट हामी जात्राहरु सम्बन्धी धेरै जानकारी पाउन सक्दछौं। यति मात्रै नभई यस पुस्तकबाट धेरै जात्राहरूको ऐतिहासिकताको पनि जानकारी पाउन सक्दछौं। जात्रा, त्यसको परिभाषा र काठमाडौँको जात्राहरूको समग्रमा विवरण दिइएको भएतापनि यस जात्राको बारेमा उल्लेख्य विवरण भने यस पुस्तकमा केही भेटिंदैन।

हरिराम जोशी (वि.सं.२०६०) द्वारा लिखित *नेपालका चाडपर्व* नामक पुस्तकमा यस जात्रा अंकीत छोटकरिमा विवरण पाइन्छ। सामान्य जानकारी गरीएको र विश्वास अथवा किम्वदन्तीमा मात्र आधारित रहि यस पुस्तकमा जात्राको विवरण दिइएको छ। यसमा भगवान परब्रम्ह परमात्मा अचल रही सदा स्थीर रहेको हुन्छन भनी यस्तो स्लोक उल्लेख भएको छ :

न स्वरूप न सामध्यान् न च ज्ञानदिपकाद् गुणान्।
चलन विधते यस्तेत्यचलः कीर्तितितताडच्चूनः॥

यसको मतलबलाई प्रचार प्रसार गर्ने उद्देश्यले नेपाल खाल्डो अण्डिग्राम हाडिगाउँमा परब्रह्मास्वरूप भगवान् नारायणको खास विशेषतायुक्त जात्रा प्रत्येक वर्ष कउलागा पारू (आश्विन कार्तिक) को दिन चलाईदै आइरहेको छ। उपयुक्त हाडिगाउँ जात्रा यथार्थरूपले भन्ने हो भने नेपालमा यस किसिमको दोश्रो जात्रा नभएको कुरामा कुनै शंका छैन। उहाँ यस जात्रा अनुमानित छौठौं शताब्दीको अण्डिग्रामस्थित (हाडिगाउँ) सत्यनारायणस्थाको स्तम्भलेखमा वैदिक दर्शनको वकालत गरिरहेको पाइएबाट पनि उपयुक्त यथार्थता माथि बल मिल्ने भनेर भन्नुहुन्छ। यस पुस्तकले जात्राको अमूर्त पाटोको अध्ययन भने खासै नगरिएको पाईन्छ।

हरिराम जोशी (वि.सं.२०७०) द्वारा लिखित *प्रदिपः अभिनव संस्कृति विश्वकोष* पुस्तकमा यस जात्रा जस्तो दोस्रो जात्रा नेपालमा कहि नभएको भनेर उल्लेख गरिएको छ।

यस पुस्तकले नेपालका धेरै पर्व, जात्रा र शुभ दिनहरूको विवरण प्रदान गर्दछ । हाडिगाउँको जात्राको बारेमा यस पुस्तकमा छोटकारीमा भएपनि विश्लेषण गरेको पाउछौं । यसको किम्बदन्ती, नामाकरण, विवरण यस पुस्तकमा संक्षिप्त रूपमा राखिएको छ । यस अध्ययनलाई यो पुस्तकले महत्त्वपूर्ण सहयोग गरेकोले यसको समीक्षा गरिएको छ । यस पुस्तकमा हरिराम जोशी लेख्नुहुन्छ “मानिसहरूको एक ठूलो समूहले बोकेको खटमाथि एउटा लामो काठ ठड्याई त्यसको टुप्पानिर छत्र मानिने तीन तहको माथितिर फर्केको छत्र बनाइएको छ । सबैभन्दा माथि छत्रको बिचमा तलबाट ठड्याराखेको काठको शीर्ष भागामा भगवान् श्री नारायणको प्रतिमा राखिएको छ । उपयुक्त तीन तहको छत्रलाई ढोरीले तानेर चक्रवत् घुमाइराखेको हुन्छन्, जबकि भगवान श्री नारायणको प्रतिमा यथावत स्थिर रहन्छन् । यस्तै किसिमसँग अर्को एक खट पनि बनाइएको हुन्छ, जस्को शीर्ष भागमा परशक्ति लक्ष्मीको प्रतिमा राखिएको छ । यसै जात्रालाई कही नभएको जात्रा हाडिगाउँमा भन्ने गरिएको हो” । सामान्य जानकारी दिएको यस किताबले विवरण भन्दा पनि एक सांस्कृतिक शब्दकोश जस्तै जात्राको बयान गर्दछ ।

अमन श्रेष्ठ र सन्तनू प्रताप राणा (वि.सं. २०७३) द्वारा लिखित *नेपालका चाडपर्व तथा राष्ट्रिय दिवसहरू* नामक पुस्तकमा काठमाडौं उपत्यकामा मनाइने चाडपर्वहरूको विवरण र नेवारी समाजमा हुने धेरै जात्रा र पर्वहरूको जानकारी उल्लेख भएको पाईन्छ । यस पुस्तकबाट हामी काठमाडौं उपत्यकाका पर्व, जात्रा र खासगरी नेवारी समाजमा प्रचलित धेरै पर्व तथा जात्राहरूको जानकारी पाउँदछौ । यसबाट हामी विभिन्न नेवारी सामजका पर्वका प्रक्रिया, चलन, विधि आदि थाहा पाउँदछौ । हाडिगाउँ पनि एक नेवारी बस्ती र नेवारी पर्व तथा जात्रा भएको ठाँउ भएर यसले हामीलाई हाडिगाउँको जात्रा बारेमा बुझ्न सहयोग गर्छ । यस पुस्तकमा धेरै जसो नेवारी समाजमा हुने जात्रा र पर्वहरूको जानकारी उल्लेख भएतापनि यस जात्राको खासै उल्लेख नभएको पाइन्छ ।

निर्मला पोखरेल र सन्ध्या खनाल पराजुली (वि.सं. २०७७) द्वारा लिखित *पशुपति क्षेत्रको संस्कृतिक सम्पदा* पाशुपत क्षेत्रको मूर्त र अमूर्त संस्कृतिक सम्पदाको विश्लेषण र विवेचना गरिएको पुस्तक हो । यसको मूर्त सांस्कृतिक सम्पदा खण्ड निर्मला पोखरेलद्वारा गरिएको र यसबाट हामी हिन्दु भगवानहरूका प्रतिमालक्षण, मन्दिरहरूको बनावट, विभिन्न कलाकृतिको विशेषता आदिको जानकारी पाउदछौ । भगवान ब्रह्मा, विष्णु र शिवको बारेमा

यस पुस्तकबाट हामीले धेरै जानकारी पाउने भएकाले यो हाडिगाउँ सत्यनारायणको जात्राको अध्ययनका लागी आवश्यक मानिएको छ । त्यस्तै अमूर्त संस्कृति सम्पदा सन्ध्या खनाल पराजुलीद्वारा लिखित खण्डमा हामी विभिन्न पर्वका तरिका, विधि आदिको बारेमा थाहा पाउन सक्छौँ । यस पुस्तकमा पशुपतिमा हुने विभिन्न चाडपर्व, जात्राहरू आदि जानकारीको पनि चर्चा गरिएको छ । यसको मूर्त सांस्कृतिक सम्पदा खण्डकी लेखक, निर्मला पोखरेलले सत्यनारायणको मूर्तिको बारेमा यस विष्णुको मूर्ति लगभग ५ फिट अग्लो, चार बाहुको, बाहुहरूमा शंख, चक्र, गदा र पद्म धारण गरेको, उर्ध्व कमलमाथि उभिएको, किरिटमुकुट लगाएको तथा पछाडिबाट छुटै शिलामा पूर्ण कदको ज्वालावली बनाएर रहेको यो मूर्ति निकै सुन्दर रहेको बताउनुहुन्छ । उहाँ यसमा नारायणले लामो यज्ञोपवित धारण गरेको छ भने तलका बाहुहरू नालसहितको कमलको फूलमाथि अड्याएको अवस्थामा देखिन्छन् भनेर लेख्नुहुन्छ । समग्रमा यस पुस्तकबाट हामी जात्राहरूसंग सम्बन्धीत मूर्त तथा अमूर्त संस्कृतिक सम्पदा जस्तै, प्रतिमालक्षण, विधि, पथ, बाजा, पूजा, गुठीहरू, मठ आदिका बारेमा जानकारी प्राप्त गर्ने भएकाले यसको समिक्षा गरिएको छ ।

## १.५ अध्ययनको महत्त्व

मौलिक संस्कृतिको रूपमा रहेको यस जात्राको अनुसन्धानले निम्न जानकारीहरू र फाइदा पुऱ्याउनेछन् ।

क) हाडिगाउँको सत्यनारायण जात्राको ऐतिहासिकताको जानकारी प्राप्त गर्नु ।

ख) हाडिगाउँको सत्यनारायण जात्राको मूर्त तथा अमूर्त विशेषता र विधिको जानकारी प्राप्त गर्नु ।

ग) हाडिगाउँको सत्यनारायण जात्राको ४-५ दशकयता देखिएको परिवर्तन र समस्याहरूको जानकारी हासिल गर्नु ।

## १.६ अध्ययनको औचित्य

हाडिगाउँ सत्यनारायणको जात्राको बारेमा अध्ययन अनुसन्धानको कमी रहेको छ । परम्परागत जात्राको धार्मिक एवं सांस्कृतिक महत्त्व, त्यसको परिवर्तन, अहिलेको स्थीतीको

मूल्याङ्कन लगायत जात्राको विविध र विस्तृत अध्ययन गरिने यस शोधले यस जात्राको संरक्षण र सम्बद्धनका लागि सबै पक्षलाई प्रेरित गर्ने उद्देश्य यस अध्ययनको रहेको छ ।

## १.७ अध्ययनको सीमा

यस जात्रा हाडिगाउँको तीन टोल वरिपरि मात्र हुने भएकोले भौगोलिक वा क्षेत्रीय सिमा उक्त तीन टोलमा मात्र लिइएको छ । उक्त जात्राका धेरै पक्षहरू हेरिएतापनी यस ठाउँको इतिहास वा सुरुवातलाई त्यति केलाईएको छैन । अन्ततः यस अनुसन्धान, जात्रासँग रहेका विभिन्न पक्षहरू केलाउछ तर यस जात्राको अरू काठमाडौँका भागहरू वा जात्राहरू सँगको सम्बन्ध वा तथ्यको अनुसन्धान गर्दैन ।

## १.८ अध्ययनको विधि

यो अध्ययन गर्नका लागि गुणात्मक शोध पद्धति अपनाउँदै विश्लेषणात्मक र विवरणात्मक ढाँचामा अनुबन्धित गरिएको छ । विषयको दृष्टिले भने यो एक संस्कृतिक अध्ययन हो । यस कुरालाई आधार मानेर यो अध्ययनका लागि आवश्यक तथ्यहरू प्राथमिक र द्वितीयक श्रोतहरूबाट संकलन गरिएको छ ।

**१.८.१ प्राथमिक श्रोत :** प्राथमिक श्रोतहरु अन्तर्वार्ता, जात्राको अवलोकन, पुरातात्विक स्थल, मठ मन्दिर र पुराना स्मारक को स्थलगत अन्वेषण, विज्ञ एवं प्राध्यापकहरू सँगको अन्तर्वार्ता आदि रहेका छन् ।

**१.८.२ द्वितीयक श्रोत :** द्वितीयक श्रोतहरु पूर्व प्रकाशित पुस्तक र पत्रिकाहरू, किंवदन्ती र विश्वासका भनाई, डकुमेन्ट्री, जर्नलहरू आदि रहेका छन् ।

यसरी प्राथमिक र द्वितीयक श्रोतबाट प्राप्त सामाग्री तथा तथ्याङ्कहरूलाई वर्गिकरण, प्रशोधन, विश्लेषण गरेर गुणात्मक र मिश्रित विधिबाट हाडिगाउँ सत्यनारायणको जात्रा अर्थात् चोक्टे नारायणको जात्रा अर्थात् कहि नभएको जात्रा हाडिगाउँमाको अनुसन्धान तयार पारिएको छ ।

## १.९. अध्ययनको रूपरेखा

प्रस्तुत शोधको प्रबन्धात्मक रूपरेखा निम्नाअनुसार रहनेछ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : जात्राको ऐतिहासिकताको विश्लेषण

तेस्रो परिच्छेद : जात्राको मूर्त तथा अमूर्त विशेषता र विधि

चौथो परिच्छेद : जात्राको ४-५ दशकयता देखिको परिवर्तन र समस्याहरू

पाचौँ परिच्छेद : सारांश, निष्कर्ष तथा छलफल

# अध्याय : दुई

# सत्यनारायणको जात्राको ऐतिहासिकता

## २.१ जात्राको परिचय

मानिसले आफ्नो संगठित रूपमा बसोबास सुरु गरे सँगै सभ्यता विकास भएको भनेर यस विश्वमा मानिसको विकासक्रममा देखिन्छ । आफ्नो सभ्यता सुरु भएसँगै मानिसले धेरै कुराहरू विकास गरेको भनेर हामीले धेरै प्रमाणहरू पाउन सक्दछौ । ढुङ्गे युगको समाप्ती पछि मानिसले आफूले आफूलाई धेरै रीतिरिवाज, नियम र कानूनहरू सँगै जोडेर राखेको र त्यही क्रमिक विकास अहिलेको युगसम्म आइपुग्दा देख्न सकिन्छ । परिस्कृत जीवन, खानपानको मेल, नियम कानुन, शासन प्रणाली, रीतिरिबाज आदि ईत्यादीले गर्दा मानिसलाई यो संसारमा अरू जीवित प्राणी भन्दा बेग्लै बनाउँछ ।

यही परिस्कृत र उच्चतम जीवनको निर्माणमा धेरै रीतिरिबाजहरूको उल्लेख्य देन देखिन्छ । धेरै चिजहरूमध्ये रीतिरिबाज जस्तै धर्म, पूजापाठ, नृत्य, पर्व, जात्रा, खाना आदिले मानिसको जिवनयापनमा सरलता र विकासलाई  महत्त्व दिएको पाइन्छ । चलनचल्तीमा रहेको रीतिरिबाज मध्ये नेपालमा जात्राहरू पनि एक महत्त्वपूर्ण अङ्गको रूपमा मानिसहरूलाई आफ्नो जिवनयापनमा केही सुनौलो रङ्ग छर्ने माध्यमका रूपमा रहेको पाइन्छ ।

जात्राको बारेमा कुरा गर्दा यसलाई एक दिन वा धेरै दिन चल्ने एक पर्वको रूपमा लिईन्छ जहाँ एक समूह, ठाउँ वा पूरै देश नै सामेल हुने गर्दछन् भने अहिले आएर यसको महत्त्व देशव्यापी रूपमा रहेको पाइन्छ ।

परिभाषाको रूपमा जात्रा भनेको भव्य रूपमा औपाचरिक ढङ्गमा नाचगान सबै भएको एक रमणीय यात्रा हो र यसलाई कुनै पूजा, वलि र भोजको अंगको रूपमा लिइन्छ ( लेभी, २००७, पृ. २४) । समग्रमा जात्रालाई मानिसले बनाएको एक पर्व जुन सामान्यतया एक वा अनेक विश्वासमा जोडित हुन्छन् भन्न सकिन्छ । यी धार्मिक वा ऐतिहासिक घटनाको स्मृतिमा आयोजना गरिएको हुन्छ (लेभी, २००७, पृ. २७) ।

नेपालको सन्दर्भमा भन्ने हो भने जात्राहरू यहाँ परापूर्वकाल देखिननै चलन चल्तीमा रही आएको पाइन्छ र जात्रा मनाइने परम्परा प्राचीन कालदेखि विकास हुँदै आएको छ ।

लिच्छविकालीन नेपाली समाजमा अनेक जात्रा उत्सव मनाइने परम्परा थियो (श्रेष्ठ, वि.सं. २०७७, पृ. १३७) । सामान्यता धर्म विशेष, कुनै वा अनेक भगवानमा समर्पित रहेका यी जात्राहरू नेपालमा धेरै किसिमका रहेको पाइन्छन् । पुरातात्विका स्रोतका अनुसार नेपालमा जात्राको नाम वा प्रचलन लिच्छवीकाल देखी नै रहेको भन्न सकिन्छ, तसर्थ नेपालमा जात्राको प्रचलनलाई धेरै पुरानो भनेर यकिन गर्न सक्दछौ (बज्राचार्य, वि.सं. २०३०) ।

जात्रापर्व कुनै भगवानमा समर्पित रही मानिसहरूलाई एक आपसमा नजिक ल्याउँछ भने त्यसमा गरिने धेरै कार्यहरू जस्तै पूजापाठ, नाचगान, रथ बनाउने, तन्ने, खाना परिकार, दियो बत्ती, आदिले मानिसमा नयाँ उमंग र जोश ल्याई भोलिका दिनमा आफ्नो समाज प्रतिको कर्तव्यलाई जागरूप गर्दछ (लेभी, २००७) ।

धर्महरू खतम वा बदलिदै जान्छन् तर चाडपर्वहरू र उत्सवहरू रहन्छन् र नेपालको इतिहासका पान्नाहरू पल्टाउनेहो भने कुनै बेला कुनै एक धर्मको वर्चश्व रहेको पाइन्छ तरपनि जात्राहरू रहिआएको देखिन्छ (लेभी, २००७, पृ. २४) । त्यस्तै जात्राहरू सरकारद्वारा जोग्रेना गरिएको र कुन जात्रा कसले वा कुन संगठनले गर्ने भनी सबैको काम काज र परिभाषा छुट्टयाई मान्यता प्राप्त भएका हुन्छन् । नेपालमा शासन परिवर्तन सँगै जात्राहरुमा धेरै असर पर्न गएको देखिन्छ । नेपालमा गोरखा राज्यको उदय सँगै काठमाडौँमा प्रचलित धेरै जात्राका सरकारी श्रोत बदलिए, कतित रोकएपनि तर जति नै उतारचढाव भएपनि जात्रा तथा पर्वले कुनै न कुनै स्वरूपमा स्थान र निरन्तरता पाइराखे ।

## २.२ हाडिगाउँको भौगोलिक परिचय

हाडिगाउँ काठमाण्डौं जिल्लामा काठमाण्डौ उपत्यकाको १.६ किमि उत्तर पश्चिममा अवस्थित छ । यसको उत्तरी अक्षांस लगभग २७°४३’४.३१” र पूर्वी देशान्तर लगभग ८५°२०’१०.५” रहेको छ (सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०८०) । समुद्री सतह देखि लगभग १३०० मिटरको उचाइमा रहेको यो ठाउँको पूर्वमा कालोपुल, दक्षिणमा मालीगाउँ, पश्चिममा नक्साल र उत्तरमा विशालनगर पर्दछन् ।

यो क्षेत्र हाल काठमाडौँ महानगरपालिका अर्न्तगत वडा नं ५ मा पर्दछ । यस ठाउँमा सत्यनारायणको मन्दिर, भूतेश्वर मन्दिर, अमंशुवर्माको शिला, मानदेवका छोरीको छोरा(

भारवी)ले बनाएको ढुङ्गेधारा (हिटी) आदि रहेका छन् (बज्राचार्य, वि.सं. २०३०) । टुण्डाल देवी, भाटभटेनी, सत्यनारायण यहाँका प्रचलित भगवान हुन र यिनीहरूको जात्रा यहाँ धुमधामका साथ मनाइने गरिन्छ ।

बसोबासका आधारमा हाडिगाउँ क्षेत्रमा नेवार जातिको बाहुल्यता रहेको छ । हाल यस क्षेत्रमा अन्य जातिका मानिसहरूको पनि बसोबास हुन थालेको छ । यहाँ बोलिने भाषा नेपाल भाषा वा नेवारी भाषा रहेता पनि नेपाली भाषा पनि उतिकै प्रचलित छ ।

यस क्षेत्रमा पुग्नका लागि सार्वजानिक सवारीको संचालन गरिएको छ जसमा विभिन्न यातायातले सेवा प्रदान गरिरहेका छन् ।

यहाँका मानिसहरू कृषि, घरेलु, उद्योग, व्यापार जस्ता विभिन्न पेशामा संलग्न छन् भने कृषि परापूर्वकाल देखी चलिआएको व्यवसाय हो ।

## २.३ जात्राको ऐतिहासिकता

हाडिगाउँ काठमाडौँ उपत्यकाको १.६ कि.मि उत्तर पश्चिम क्षेत्रमा अवस्थीत एक बस्ती हो । यो काठमाडौँको बिचमा एक आफ्नै प्रचिन तथा मौलिक चिनारी लिएर लिच्छवीकाल देखि बसेको ठाउँ हो । हाडिगाउँ लिच्छवीकाल देखिनै रहेको भनेर त्यहाँ पाइएका शिलालेखका आधारमा भन्न सकिन्छ भने अंशुवर्माको कैलाशकुट भवन पनि यही ठाउँमा रहेको भनेर धेरै इतिहारकार आफ्नो मत प्रकट गर्दछन् (बज्राचार्य, वि.सं. २०३०, पृ. ३०८ र तिवारी, २००२, पृ. ११८) । पहिला विशालनगर पनि भनिने यस ठाउँ, कालखण्डमा सानो भएर गएको छ (बज्रचार्य, वि.सं. २०३०, पृ. ४९ र तिवारी, २००२, पृ. ९७) ।

काठमाडौँ शहरको बिच रहेर पनि आफ्नै मौलिकता र रीतिरिबाज बोकेको यस ठाउँमा धेरै जात्रा र पर्वहरूको प्रचलन पाइन्छ । सत्यनारायणको जात्रा, गहना पोखरीको जात्रा, सिङ्गे जात्रा, भाते आदि जात्राहरू यस ठाउँमा प्रचलित जात्राहरू मध्येका हुन् ।

सुदर्शन तिवारी (२००२, पृ. ९७) का अनुसार हाडिगाउँ पहिले विशालनगरी वा विशालनगर भनेर प्रचलित ठाउँ हो । यसको क्षेत्रफल अहिलेको भन्दा निकै ठूलो भएको जुन हालको बानेश्वरको शंखमूल देखि बुढानिलकण्ठ सम्म रहेको विश्वास मानिएको छ । हाडिगाउँको जात्राका बारेमा त्यहाँका पुराना बासिन्दा गणेश मानन्धर, यस जात्रा धेरै पुरानो

भएको भन्दछन् । त्यस्तै अर्का बासिन्दा रविन्द्र महर्जन यस जात्रा मानदेवको पाला वा अझ पुरानो रहेको भनेर मत प्रकट गर्दछन् ।

प्रमाणित श्रोत वा पुरातात्विक श्रोतका अनुसार हाडिगाउँको डवलीमा रहेको शिलामा अंशुवर्माले धेरै जात्राको प्रचलन र सहयोग पुऱ्याएको जानकारी प्रात हुन्छ जसले गर्दा पनि यो जात्रा अंशुवर्माको पालामा पनि प्रचलन थियो कि भन्न सकिन्छ (बज्राचार्य, वि.सं. २०३०, पृ. ३०५,३२०) । तर यकिनका साथ भन्ने हो भने हाडिगाउँ जात्रामा प्रयोग हुने भगवानको धातुको मूर्तिमा सम्वत् ६०५ र सम्वत ६३९ लेखिएको भेटिएको छ (परिशिष्ट ३) जुन प्रचलित नेवारी लिपिमा छ र उक्त लिपिका अनुसार यो जात्राको चलन आजभन्दा लगभग ५०० वर्ष अगाडि रहेको देखिन्छ (परिशिष्ट ३) ।

तीनवटा धातुका छुट्टाछुट्टै मूर्तिहरू हाडिगाउँको यस जात्रामा प्रयोग हुने गर्दछन् । जसमध्ये एकमा प्रचलित नेवारी लिपिमा लेख लेखिएको पाइन्छ (परिशिष्ट ३) (चित्र १) ।

ॐ सम्वत् ६०५ अशुनि शुक्ल चतुर्दशि प्र पूर्णिमास्याया तिथौ उ-
त्रभद्र नक्षत्रे ध्रुवजोगे शुक्रवासरे श्रीश्री पद्मनाभ श्री नारा-
यनस प्रदिष्ठा यातनो गोथित दयका शुभमस्तु ॥

**भाषान्तर पाठ**

नेपाल सम्वत् ६०५ (वि.सं. १५४१) आश्विन शुक्ल चतुर्दशी उप्रान्त पूर्णिमा तिथि उत्रभद्र नक्षत्र ध्रुव योग शुक्रबारको दिनमा श्रीश्रीश्री पद्मनाभ नारायण प्रतिष्ठा गर्न गुठि बनाइयो । शुभ होस् ।

नोट : लिपि अनुवाद तथा भाषान्तर लिपिविद् श्यामसुन्दर राजवंशीद्वारा गरिएको

यसबाट हामी यस जात्रा वि.सं. १५४१ रत्नमल्लको पालामा चलिरहेको र अझ त्यो भन्दा पनि अगाडिको भनेर भन्न सक्दछौ । प्रमाणित श्रोतका अनुसार ५००-६०० वर्ष पुरानो देखिएता पनि अन्य श्रोतका अनुसार भने हामी यस जात्रालाई अझै पुरानो भन्न सक्छौ ।

१५३८ मा यक्ष मल्लको मृत्यु भयो (लेभी, २००७, पृ. १६६) र नेपालले ठूलो परिवर्तन पायो । काठमाडौँ उपत्यका वा नेपाल तीन राज्यमा विभाजन भयो । उनका तेस्रो छोरा रत्न मल्लले काठमाडौँका ठकुरीहरुलाई लडाईमा हराए र काठमाडौँको शासन हातमा लिए ( उपाध्याय, वि.सं. २०७६, पृ. १८०) । हिजो सम्म भक्तपुरबाट शासन चलेको, अब काठमाडौँका जनताले नयाँ राजा र शासन पाए । कुनै पनि राजालाई ठाँउ भन्दापनि पहिले त्यहाँका जनताले मान्नुपर्छ र राज्य राम्रो सँग स्थापित हुन्छ । यही धारणालाई अगी राख्दै रत्न मल्लले वा उनीबाट हाडिगाउँमा चलिआएको यस सत्यनारायणको जात्रालाई भनेर गुठी बनाएको हुनसक्ने अनुमान लगाउन सक्दछौँ । पहिलेबाटनै ऐतिहासिक ठाँउ भएको र जात्रा पनि मौलिक देखिएकोले रत्न मल्लद्वारा यस जात्राको लागी संगठीत गुठी बनाई हाडिगाउँका जनताको मन जित्न खोजेको यस लेखबाट देखिन्छ ।

जात्रामा प्रयोग हुने मूर्तिमा अंकित वि.सं १५४१ मा गुठी स्थापनाबाट हामी जात्रा अझ पहिले नै रहेको तर गुठी बनाई, पछि रत्न मल्लको पालामा संगठीत गरिएको मान्न सक्दछौँ । यक्ष मल्लको निधन सँगै काठमाडौँ, पाटन र भक्तपूर तिन राज्यको स्थापना भयो । पहिले भक्तपूर बाट शासन चलेको, अब रत्न मल्लले काठमाडौँलाई काठमाडौँबाट शासन चलाउने भए । त्यसका लागि हाडिगाउँका मानिसहरूको मन जित्न गुठी स्थापना गरी यस जात्रालाई सम्मान गरेको अनुमान लगाउन सकिन्छ ।

यसरी रत्न मल्लले हाडिगाउँ बासीहरूको मन जित्न यस जात्रामा सहयोग पुऱ्याएर जात्रालाई निरन्तरता दिएको भनी भन्न सक्दछौँ र त्यसैले यस जात्रा धेरै पहिले देखि चलिआएको र रत्न मल्लको पालामा भने संगठित रूपमा चलाइएको मान्न सकिन्छ । अझ हाडिगाउँको ऐतिहासिकता हेर्ने हो भने यहाँ सत्यनारायणको मन्दिरमा रहेको भगवान विष्णुको मूर्ति दोस्रो-तेस्रो शताब्दीको भनेर मानिएको छ (वाङ्गदेल, १९९५, पृ. ११६) । मानदेवको नाती भारवीले राखेको हिटी, अंशुवर्माको शिला आदिले उक्त ठाउँ धेरै पुरानो समय देखिने रहेको अनुमान लगाउन सक्दछौं । अझ सत्यनारायणको मन्दिरको मूर्ति, गरुडको मूर्ति अझ धेरै पुरानो र सत्यनारायणलाई समर्पित भई पुजाआजा, पर्व र जात्राहरूको प्रचलन रहेको भन्न सक्दछौँ ।

यस जात्राको ऐतिहासिकता हाडिगाउँमा रहेको सत्यनारायणको मन्दिरसँग जोडेर पनि हेर्न सकिन्छ । त्यहाँ रहेको सत्यनारायणको मन्दिरको सत्यनारायणको मूर्ति दोस्रो-तेस्रो

शताब्दीको रहेको भनेर मानिएको छ (वाङ्गदेल, १९९५, पृ. ११६) । यसबाट हामी हाडिगाउँमा वैष्णव समुदायको विकास पूर्व लिच्छवीकालमा देख्न सक्छौ । यसले त्यहाँ सत्यनारायण भगवानमा समर्पित रही पूर्व लिच्छवीकाल देखिनै पूजा, उत्सव आदि रहेको भन्न संकोच मान्नुपर्देन ।

अर्को मूर्ति गरुडको रहेको छ जुन सत्यनारायण भगवानमा समर्पित रही अनुपरमले पाँचौ शताब्दीमा राख्न लगाएका हुन (बज्राचार्य, वि.सं. २०३०, पृ. १५८) । हाडिगाउँ स्थित सत्यनारायणको मन्दिर अगाडिको गरुडस्तम्भमा उत्तीर्ण व्यासको विशेष स्तुतिले पनि वैष्णव सम्प्रदाय प्रतिको आगाध आस्थालाई प्रष्ट्याउँछ (श्रेष्ठ, वि.सं. २०७७, पृ. ८५) । यसबाट हामी उक्त क्षेत्रमा वैष्णव प्रभावको निरन्तरता र यस मन्दिर र गरुडको संतम्भलाई आधारमानी यस जात्रा पनि उक्त बेलामा प्रचलित रही आएको मन्न सक्छौ । विष्णुको एउटा महत्त्वपूर्ण अवतार हयग्रीवको ढुङ्गे मूर्ति हाडिगाउँ विशालनगर धनगणेश मन्दिरमा पनि छ । प्राचीन मूर्तिहरुको अध्ययन गर्ने लैनसिंह वाङ्देलले यस हयग्रीवको यो प्राचीन मूर्तिको समय पाँचौ शताब्दी तोकेका छन् (पौड्याल, वि.सं. २०६२, पृ. ११२) । यसरी हाडिगाउँमा करिब छठौं शताब्दी तिर वैष्णव सम्प्रदायको उदय देखिन्छ (तिवारी, २००२, पृ. ८०) । यसरी वैष्णव सम्प्रदायको धेरै जात्रा पर्वहरु मध्य सत्यनारायणको जात्रा पनि एक थियो भनेर हामी भन्न सक्दछौ । यहाँ रहेको भारवीले स्थापना गर्न लगाएको ढुङ्गेधारा (हिटी), अंशुवर्माका दुई शिलाले पनि यस क्षेत्र प्राचीन कालदेखि नै महत्त्वपूर्ण ठाउँ रही वैष्णव प्रभावको निरन्तरता पाएको र यस सत्यनारायण जात्रामा पनि त्यसैमा आधारित रहेको भनेर अनुमान लगाउन सहयोग पुऱ्याउँछ । अंशुवर्माको शिलामा शंख र चक्रको प्रयोगले अझ वैष्णव प्रभावलाई जोड दिन्छ (बज्राचार्य, वि.सं. २०३०, पृ. ४३०) ।

त्यस्तै त्यहाँ भएको उत्खनन्को पनि आधार लिने हो भने यसले वैष्णव प्रभाव र संस्कृतिको थलो रहेको यस ठाउँमा वैष्णव संस्कृतिको विकास र त्यसमा रहि धेरै पर्व र उत्सवहरु रहेको कुरामा जोड पुऱ्याउँछ । नेपालको पुरातत्व विभाग र इटालीयन उत्खनन् टोलीले यस ठाउँमा १९८४ देखि १९८९ सम्म संयुक्त उत्खन्न गरेका र १९९२ मा त्यसको रिपोर्ट सार्वजनिक गरेका थिए (एन्टोनिनि र भेरारडी, १९९५) । उत्खन्नले यस ठाउँमा वैष्णव सम्प्रदायको विकासलाई पूर्व लिच्छवीकाल देखि मध्यकाल सम्म देखाउँछ । त्यहाँ पाइएका माटोका सामानहरु, ईटा, मुद्रा आदि द्वारा यस ठाउँ प्राचीन कालमा विकसित

भएको र आठौं-दशौं शताब्दी सम्म वैष्णव प्रभावमा रहेको अंकित गरेको देखिन्छ । नवौ शताब्दीमा यस ठाउँलाई हरिगाउँ पनि भनिने र बह्रौं शताब्दी तिर आएर यस क्षेत्र वैष्णवहरुको पवित्र क्षेत्रका रुपमा विकसित भएको भनेर उक्त रिपोर्टमा उल्लेख छ । यसरी वैष्णव प्रभाव र पवित्र क्षेत्रका रुपमा विकास भएको यस ठाउँमा भगवान विष्णुमा आधारित पर्व र उत्सवहरु स्वत् आफै प्रमाणका रुपमा देखिन्छन् । यसरी यस उत्खननको रिपोर्टलाई आधार मानि हामी सत्यनारायणको जात्रा यस ठाउँको पर्व र जात्राहरु मध्य, लिच्छवीकालमा स्थापित एक जात्रा भएको भनेर भन्न सक्दछौ ।

यस्तै मैनको प्रयोगलाई पनि गासेर यस जात्राको ऐतिहासिकताको अध्ययन गर्न सकिन्छ । विश्वमा मैनको प्रचलन ५०००-६००० वर्ष पुरानो रहेको छ (किष्ण्ण , १९७६) मैनेको प्रयोगको लोकप्रियता चौथो-पाँचौं शताब्दीतिर बढेको देख्न सकिन्छ । नेपालमा मैनको प्रयोगद्वारा मूर्तिहरु बनाइने प्रविधि दशौ शताब्दितिर लोकप्रिय रहेको नेपालको इतिहासको कालखण्डमा देखिन्छ । यसरी मैनको प्रयोग हेर्ने हो भने यस जात्राको खटमा प्रयोग भएको मैनको फूल पनि मैनको प्रयोगको लोकप्रियता बढे सँगै प्रयोग गरिएको अनुमान लगाउन सक्दछौ । यसरी मैनलाई लिई यस जात्राको ऐतिहासिकतामा जोड्ने हो भने हामी चौथो-पाँचौ शताब्दी तिर यस जात्रामा मैनको प्रयोग भयो कि भनेर भन्न सक्दछौ जसले यस जात्राको प्राचीनतामा थप जोड पुऱ्याउँछ ।

विभिन्न पक्षहरुलाई केलाउदा हाडिगाउँ वैष्णव प्रभाव भएको ठाउँ देखिन्छ । पूर्व लिच्छवीकालमा स्थापीत भएको यस ठाउँ, त्यहाँ रहेको सत्यनारायणको मन्दिर, भारवीको हिटी, अनुपरमको गरुडस्तम्भ, अंशुवर्माको शिलालेख, शिवलिङ्ग र अन्य मूर्तिहरु आदिले यस ठाउँमा वैष्णव प्रभाव र त्यसको निरन्तरता देखाउछ । वैष्णव प्रभाव भएपछि सो सम्बन्धी जात्रा र पर्वहरु त्यस ठाउँमा चल्नु समान्य रहन्छ । हाडिगाउँको ऐतिहासिकता, त्यहाँको वैष्णव प्रभाव र निरन्तरता आदिले हामी यस सत्यनारायणको जात्रालाई लिच्छवीकालीन रहन सक्ने मन्न सक्दछौं । त्यस्तै त्यहाँ रहेको जात्रामा प्रयोग हुने मूर्तिफलकको लेखबाट वि.सं १५४१ मा यस जात्रा निर्मित गुठी स्थापना गरिएको थाहा पाउन सक्दछौं । यि सबै कुराहरुलाई हेर्दा यस जात्राको ऐतिहासिकता लिच्छवीकालीन देख्न सकिन्छ र त्यसको निरन्तरता अहिलेसम्म पनि रहेको छ ।

# अध्याय : तीन

# सत्यनारायण जात्राको मूर्त तथा अमूर्त विधि तथा विशेषता

## ३.१ सत्यनारायण भगवान

भगवान सत्यनारायण (चित्र २) भन्नाले भगवान विष्णुको अनेकौँ रूप मध्यको एक रूप हो । सत्य र नारायण मिलेर बनेको भएकाले नै हामी सत्यनारायणलाई सत्य वा मात्र सत्यको अवतार वा रूप जस्ले आफू र आफू मात्रै सत्य रहेको रूप दर्शाएको थाहा पाउन सक्दछौँ । भगवान विष्णुलाई देव मध्येका स्थितिकर्ता वा पालनकर्ताका रूपमा लिइन्छ ।

प्रतिमालक्षणले सत्यनारायण भगवान विष्णुको एक पर स्वरूप मध्येको एक स्वरूप हो जो स्र्वोत्तम, अविनाशी, अक्षय स्वरूपको रूपमा देखाइने गरिन्छ । पर स्वरूपमा भगवान सत्यनारायणलाई चार हातमा शंख, चक्र, गद्या र पद्म सहित एकल स्वरूपमा देखाइएको हुन्छ । यस स्वरूप अति सालिन, आन्दित र संसारको पालकका रूपमा रहेको देख्न सकिन्छ ।

## ३.२ सत्यनारायणको जात्रा

हाडिगाउँमा धेरै जात्रा र पर्वहरू मनाइने गरिएको छ । धेरै जात्राहरू प्रचलनमा रहेको भएतापनि सत्यनारायणको जात्रा वा “कही नभएको जात्रा हाडिगाउँमा” अर्थात चोक्टे नारायणको जात्रा भनेर यो यहाँको आफ्नै मौलिक र छुट्टै किसिमको जात्रा हो (चित्र ३) । यसको त्यस फरकपन उक्त जात्रामा प्रयोग हुने खटमा देख्न सकिन्छ । अरू जात्रामा देउता तल र गजुर माथि भएको रथ वा खट निर्माण हुन्छ भने यस जात्रा त्यसको उल्टो देउता माथि, गजुर तल भएको खट निर्माण हुन्छ जसले गर्दा देख्ने बित्तिकै यो जात्रा छुट्टै रहेको भनेर भन्न सकिन्छ । देख्दा छुट्टै देखिएता पनि यस जात्राको आफ्नै किसिमको पहिचान छ । खट र गजुरले मात्र नभई यो जात्राको सुरु देखि अन्त्य सम्म गरिने कार्यहरू पनि उत्तिकै मौलिक देखिन्छन् । हाडिगाउँको नाम नै जात्रामा उत्तिकै गाँसी नेपालको जात्रा वा कुनै पनि ठाउँको आफ्नै मौलिक चिनारी दिएर नामाकरण भएको यो जात्रा नेपालको पहिलो जात्रा हो ।

यस सत्यनारायणको जात्रा वा कहि नभएको जात्रा हाडिगाउँमा, नेपाल भरिनै प्रख्यात छ । हरिराम जोशी (वि.सं. २०७०, पृ. ४८५) यस प्रकारको जात्रा नेपालमा अर्को

दोस्रो जात्रा नभएको भन्दछन् । विभिन्न प्रकारका आख्यानहरू भएतापनि दुई दिदी बहिनीको बच्चा जन्माउने कुरा र भगवान सत्यनारायण बिचको सम्बन्धमा रहि यस जात्राको सुरुवात भएको भनेर सबैले मान्दै आएका छन् । हाडिगाउँमा मनाइने यो जात्रा शरदकालीन जात्रा हो । आश्विन शूक्ल पूर्णिमाका दिन मनाइने यस जात्रामा ब्रह्मा, विष्णु र शिव प्रतिकका तीन खटमा धातुका तीन मूर्ति सजाइएका हुन्छन् र त्यसलाई बाजागाजाका सहित हाडिगाउँका मानिसहरू खट बोकी हाडिगाउँ परिक्रमा गरेर उत्सव मनाउने गर्दछन् । त्यहाँ हाडिगाउँका मात्र नभएर काठमाडौं उपत्यका वा नेपाल भरीकै मानिसहरूको उल्लेख्य उपस्थिति हुने गर्दछ ।

### ३.३ विधि

सत्यनारायणको जात्रा अथवा कहि नभएको जात्रा हाडिगाउँमा विशेष गरी भगवान सत्यनारायण (विष्णु)को प्रतिमामा रही चली आएको जात्रा हो । यस जात्रा आश्विन शुक्ल पूर्णिमामा मनाइने गरिन्छ अथवा दशैको पूर्णिमामा निकालिन्छ । जात्रा दशैको पूर्णिमामा गरिएतापनि पूजा सामाग्री र मसलन्द, जात्रालाई चाहिने सामान, खट आदि इत्यादि जुटाउने, बनाउने काम द्वितियामा सुरु भैसकेको हुन्छ ।

यस जात्राको महत्त्वपूर्ण चिज यसको खट (चित्र ४) हो । काठमाडौँका जात्राहरुमा प्रयोग भएका खटहरू मध्ये भिन्न किसिमको रहेको यस जात्रामा रहने खटमा गजुर तल र भगवानलाई माथि राखिएको हुन्छ । माथि भगवानलाई सेतो कपडाको पृष्ठभूमिमा राखिएको हुन्छ र तल धुपीको बोटका हागाँहरू (ल स्वा:) राखिएको हुन्छ । यी सबै खटको माथिल्लो भागमा हुन्छ । भगवान सँगै, खटको माथिल्लो भागमा र अन्य भागमा मैनको फूल चढाइएको हुन्छ । त्यसैगरी गजुर तल हुन्छ भने यस खटमा पाङ्ग्रा हुँदैन जुन मानिसहरूले उठाएर परिक्रमा गराउने गर्छन् ।

यस जात्राको विधिलाई हेर्ने हो भने यसलाई भागमा बाड्न सकिन्छ ।

१) जात्राको पूर्व तयारी

२) जात्राको दिन

३) जात्राको खट विसर्जन वा पूर्ण समाप्ति

### ३.३.१ जात्राको पूर्व तयारी

जात्राको पूर्व तयारी दशै सके लगत्तै द्वितिया देखि सुरु हुन्छ। मैनको फूल (चित्र ५) बनाउनबाट यस जात्राको पूर्व तयारी हुन्छ। मैनको फूल अर्थात् मैनलाई पगालेर, बेसार र तेल हाली यस फूल बनाईन्छ। यसलाई पानको पातजस्तो फूलको गुच्छा (गाडँ) भनेर पनि लिइन्छ।

दशै सके लगत्तै द्वितियाको तिथीमा पुजारी परिवारद्वारा बिहान आफ्नो नित्य कर्म सकेर आफूलाई चोखो राखी, उपवास लिई यस फूल बनाउन सुरु हुन्छ। मैनको फूल धेरै आवश्यकता पर्ने हुँदा यस फूल बनाउन धेरै मानवशक्तिको आवश्यकता हुन्छ। सुरुमा चोखो उपवास बसेका पुजारी परिवारबाट मैनको फूल बनाउन सुरु गरेपछि भने आफ्ना इष्टमित्र, छरछिमेकले पनि सहयोग गर्दछन्। अझ भनै पुजारी परिवारबाट फूल बनाउन सुरु गरेपछि अरूलाई पनि फूल बनाउन सहयोग गर्ने बाटो खुल्दछ।

अब मैनको फूल बनेपछि यसको गुच्चा बनाउन सुरु हुन्छ। मैनको फूलको गुच्चा बनाउँदा मैनको फूललाई धुपीको सानो हाँगा सँगै गाँसिने गरिन्छ। एउटा फूलको गुच्चामा पाँच वटा मैनको फूल र दुई वटा धुपीको हाँगा रहेका हुन्छन्। यसरी मैनको फूलको गुच्चा तयार हुन्छ।

जात्रामा मैनको फूल धेरै रूपमा आवश्यकता पर्ने भएकोले धेरै मात्रामा बनाइने यस फूल, खटमा राख्न, प्रसादको रूपमा बाँड्न र पुजा गर्न प्रयोग हुन्छन्। दुईवटा खटमा पचास/पचास वटा गुच्चा राखिन्छ, एउटामा असी वटा र लगभग एकसय पचास वटा बाँड्नका लागि प्रयोग हुन्छन्। तीन सय देखि तीन सय पचासको हाराहारीमा मैनको फूलको निर्माण यस जात्राको लागि गरिएको हुन्छ। जात्राको लागि भनेर अगाडि नै बनाइने अर्को सामाग्री जाँड हो। जात्राको दिन प्रसादका रूपमा बाँडिने यसको तयारी महिना दिन भन्दा अगाडिबाट नै सुरु हुन्छ। जाँड बन्न महिना दिन भन्दा पनि बढी लाग्ने भएकाले यसको निर्माण कार्य भने धेरै अगाडिबाट सुरु हुन्छ जुन पुजारी परिवारबाटै गरिन्छ।

यसरी जात्राको लागि चाहिने सामानहरूको निर्माण वा जोहो गर्न धेरै अगाडिबाट सुरु गरिएको हुन्छ। जात्राको लागि चाहिने सर-सामान नेपाल सरकार गुठी संस्थानबाट

पनि दिइने गरिएको छ । खटमा लाग्ने वा मर्मत संम्भार गर्न चाहिने सामानहरू जस्तै डोरी, मान्द्रा, फूल, काठ आदि गुठी संस्थान द्वारा पुजारी परिवारलाई प्रदान गरिन्छ । गुठी संस्थानद्वारा दिइने महत्त्वपूर्ण सामानहरूमा भेडा, चामल, चिउरा, खटमा राख्ने डोरी, मान्द्रा, फूल, काठ, बाँस आदि हुन ।

उक्त सामानहरूको गुठी संस्थानद्वारा बोलपत्र आवहान गरिन्छ र कम रकममा प्रदान गर्ने ठेकदारद्वारा उक्त सरसामानहरू जात्राको लागि भनेर पुजारी परिवारलाई प्रदान गरिन्छ । उक्त सरसामानहरू पुजारी परिवारद्वारा आवश्यकता अनुरूप प्रयोग वा अरूलाई प्रयोग गर्न दिइन्छ ।

यसरी जात्राको पूर्व तयारी सुरु भएसँगै अब जात्राको दिन नजिकीदै आउछ । जात्राको दिन नजिकिए सँगै खटको निर्माण वा मर्मत सम्भार पनि सुरु भईरहेको हुन्छ । मानन्धर परिवारद्वारा सबै खट निर्माणको दायित्व लिइएकोले मानन्धर परिवारका सबै जुटी खट निर्माणमा लागि परेका हुन्छन् । यस खटलाई यदी केही बिग्रेको छ भने सिर्कमीद्वारा मर्मत गराइन्छ । पहिले गुठी संस्थानबाट मर्मत गर्नका निम्ती पाटनको मान्छे पठाउने गरिन्थ्यो भने हाल यस मर्मतका लागि मधेसमा एकजना सिकर्मी त्यहाँ खटाइएका छन् । मर्मत सकेपछि खटका विभिन्न पाटपूर्जा संकलन गरिन्छ र त्यसलाई एक रूप राखी खटको निर्माण हुन्छ । हाल खट बाध्ने वा बनाउने टोलीका अग्रज गणेश मानन्धर जो धेरै समय देखि खटको निर्माण गर्दै आइरहेका भन्दछन्, “यदि केही बिग्रेको छ भने त सिकर्मीले मर्मत गर्न लगाएको समयको यकिन हुदैन नत्र पाटपूर्जा जोडेर खट खडा गर्न दुई-तीन दिनको समय लाग्छ” । हाल खटको काम गर्नका लागि जनशक्तिको कमि, उचित परिश्रमीकको व्यवस्था नहुनु आदि कारणहरू खटको निर्माण ढिलाइका कारण बनिरहेका छन् । खटको निर्माण गरे बापत पहिले चौबिस पाथी चामल प्रदान गरिने गरिएको भएतापनि हाल भने चौबिस पाथी बराबरको रकम भुक्तानी दिने चलन बसेको छ, गणेश मानन्धर भन्दछन् ।

त्यसैमा गणेश बहादुर मानन्धर थप्दछन्, “पहिले जात्रा भनेपछि कति धेरै मान्छे हुने गर्दथे, अहिले कोही बाहिर, कोही कामको व्यस्तताले गर्दा त्यती मान्छे छैनन । अझ खट पूरानो भएको हुनाले पछि जात्रा गर्दा लड्यो भने जिम्मा कसले लिने भन्ने यकिन नभएको हुँदा आजकाल मानिसहरूको समावेश पातलिदो छ । तर जस्तो सुकै परिस्थिति भएपनि अनुकूल मिले सम्म जात्राको लागि खट बनाइएकै र जात्रा गरिएकौ छ” ।

खट बने पश्चात यसलाई फूल, माला आदि इत्यादि राखी सजाइने गरिन्छ। यसका लागि भने त्यहाँका युवाहरू जोश जागरका साथ लाग्दछन्। जात्रा हुने दिन अगि राती सम्ममा खट निर्माण साथै सजावट पूरा हुन्छ।

अर्को तर्फ पुजारी घरमा जात्राको अगिल्लो दिन अर्थात् दशैको पूर्णिमाको दिन पुजारी घरमा तयारी सुरु हुन्छ। यस दिन पुजारी सबेरै आफ्नो नित्यकर्म पूरा गरी उपवास बस्नका लागि तयार हुदै गरेको देखिन्छ। नित्य पूजा गरी चोखो कपडा लगाएर पूजारी उपवास बस्दछन्। पूर्णिमाको दिन पुजारी घरमा राखेको जात्राको देउताको ढलोटका मूर्तिहरू बाहिर निकालिन्छ र त्यसलाई सुसजावट गरिन्छ। सेतो कपडाले छोपेको पृष्ठभूमिमा देउताको तीनवटै मूर्तिहरू क्रमश राखिन्छ र बेलुकाको पुजाका लागि तयार पारिन्छ (चित्र ६)।

साँझ परेपछि देउतालाई पुजारी घरको प्रागणमा निकालेर सबैलाई देखाईन्छ। त्यहाँ देउताहरूको पुजाआजा साथ हाडिगाँउका मानिसहरूले पनि आफ्नो पुजा अर्पन गर्दछन्। यो रात जात्राको दिनको लागि सुरुवात भनेर पनि भन्न सकिन्छ। पुजारी घरको प्रागणमा देउताहरूलाई टिका, जमरा, अविर, आदि इत्यादि प्रयोग गरी पुजा हुने गर्दछ। त्यस साँझ हाडिगाउँका मानिसहरू पनि आफ्नो पुजा अर्पन र दर्शन गर्न पुजारी घर अगाडि आउने भएकाले पुजारी घर अगाडि हाडिगाँउका मानिसहरूको उत्साहजनक भिड देखिन्छ। सबैले आफ्नो पुजाआजा सकेपछि अब काम पुजारी परिवारको मात्र रहन्छ। जात्राको लागि भनेर बनाइएका कपडाहरू टी-शर्ट, टोपी आदि इत्यादि पनि जात्राको पूर्व सन्ध्यामा जात्रा आयोजक क्लवलाई विभिन्न प्रायोजकद्वारा प्रदान गरिन्छ।

राती बाह्र बजे खटलाई भेडाको बलि दिइने प्रचलन छ। सत्यनारायण भगवानको पूजा आजा वैष्णव धर्मका मानिसहरुले गर्दछन्। यस सम्प्रदायका अनुयायीहरु बलिमा विश्वास नराख्ने र वली लगाएतका कुरा नगर्ने र तप, योग, ज्ञान, आराधना, भजन आदिमा भगवान प्रशन्न हुने मान्दछन् (खत्री, २०३६,पृ. १-१८)। बलिमा विश्वास नराखेतापनि यस सत्यनारायणको जात्रामा खटलाई बलि दिइन्छ। यसो गर्नुमा भने अर्को कारण रहेको छ। खट भनेको यन्त्रको प्रतिक हो र यसलाई भैरवको रुपमा पनि लिइन्छ। तसर्थ भैरवलाई शान्त पार्न वा खुशी पार्न र केही नचाहेको घटना खटबाट नहोस् भन्नाका निमित्त उक्त खटलाई बलि दिइएको हो भन्ने त्यहाँका बासिन्दा गणेश मानन्धर बताउछन्। कुनैपनि

साधनले मानवको रगत नबगावस वा उक्त साधनले केही नचाहेको घटना निम्त्याउला भन्ने भएकाले पहिले नै पुजा गरी बलि चढाएमा पछि नराम्रो नहुने विश्वास भएकाले पूर्णिमाको रात पुजारी परिवारले पुजा गरी भेडाको बलि खटमा चढाउने गर्दछन् । भेडाको बलि चढाएपछि भेडाको टाउको प्रसादको रूपमा पुजारी परिवारले वा पुजारी गुठीयारहरूले मिलेर खाने र बाँकी शरीर जात्रा गर्दा प्रसादका रूपमा जात्रामा मानिसहरूलाई दिनका लागि लगिने गरिन्छ । राती पुजा गर्दा नायखी (न्यासी) बाजः वा शाही परिवारले बजाउने बाजा बजाई (चित्र ७) पुजा गरिएको हुन्छ । यसरी जात्राको पूर्व तयारी समाप्त हुन्छ ।

### ३.३.१.१ मैनको फूल बनाउने विधि

सरुमा पानी उमालेर त्यसमा तेल, बेसार र मैनलाई हालिन्छ । पानी उम्लेपछि मैन, तेल र बेसारको मिश्रण अब पानी भन्दा माथि तैरिन पुग्छ । त्यस तैरिरहेको मिश्रणलाई निकालेर मैनको फूल रूपको साचोले चोप्पदै चिसो पानीमा चोपी फूलको आकृति निकालिन्छ । यसरी मैनको फूलको निर्माण हुन्छ जान्छ (प्रत्यक्ष अवलोकन) ।

### ३.३.२ जात्राको दिन

जात्राको दिनको सुरु गर्नु पूर्व पुजा सामाग्रीको व्यवस्था गरिन्छ र सामाग्रीहरू कोट र ढकीमा राखिन्छन् । यसमा पुजाका लागि आवश्यक पर्ने सामाग्रीहरू हुन्छन् । यी सामाग्रीहरूले सबै ठाउँमा पुजा गरिने हुनाले पुजारी र पुजारी परिवार चोखो रहि उक्त सरसामानको बन्दोवस्त मिलाइएको हुन्छ । जात्राको दिन हुने विशेष कार्यहरू पुजारी घर, मन्दिर र खटमा पुजा गरिने र बाजागाजा सहित खट तान्ने हो ।

विशेष तथा दुईवटा भाडामा पुजा सामान राखिएको हुन्छ । कोटमा पहेलो टिका, सिन्दुर, चामल, मिठाई, फलफूल प्रसाद, इटा (धुप बत्ती), सिसा फूसा (केराउ र फलफूल), मैनको फूल आदि हुन्छन् भने ढकीमा जैऊ, पान, नैवेद, ट्याँ (लाभा) इका पोका (तोरी र सर्स्यूको दाना) आदि रहन्छन् (प्रत्यक्ष अवलोकन) । यी सबै चिज प्राथमिक नेवारी पुजा हुँदा प्रयोग गरिने समानहरू हुन ।

१. कोटमा : पहेलो टिका, सिन्दुर, चामल, मिठाई, फलफूल, प्रसाद, इटा (धुपवत्ती), सिसाफूसा (केराउ, फलफूल), मैनको फूल

२. ढकीमा : जैऊ, नैबेद, पान, तयाँ, (लाभा), इकापोका (तोरी र सर्स्यूको दाना)

उक्त समानहरू मिलाए पश्चात, पुजारी घरमा विधिवत ढङ्गले पुजा सुरु हुन्छ । सधै पुजा गर्ने त्यहाँका श्रेष्ठ पुजारी भएतापनि जात्राको दिन भने पशुपतिबाट राजोपाध्याय खलकका पुजारी श्रेष्ठ पुजारीलाई सघाउन त्यहाँ आएका हुन्छन् । सुरुमा पुजारी घरमा पुजा सुरु हुन्छ । श्रेष्ठ पुजारी जो हिजो देखि उपवासमा छन्, बिहान नुहाई, आफ्नो नित्य कर्म सकी चोखो भई नेवारी पहिरनमा पुजारी घरमा रहेको देउता कोठामा पुजा गर्दछन्। त्यहाँ पुजा गर्दा पशुपतिबाट आएका राजोपाध्याय पुजारीले मन्त्र उच्चारण सहित श्रेष्ठ पुजारीलाई सहयोग गर्दछन् । यसरी पुजा विधिवत तरिकाले सुरु हुन्छ ।

### ३.३.२.१ पुजारी घरमा पुजा गर्दा

पुजारी घरमा पुजा गर्दा, त्यहाँ तयार परिएको पुजा सामाग्री सहित, श्रेष्ठ पुजारी राजोपाध्याय पुजारीको सहयोगमा पुजा गर्दछन् । सधै पुजा आजा र रेखदेख श्रेष्ठ परिवारबाट रहेता पनि जात्राको दिन भने पशुपतिबाट राजोपाध्याय खलकका पुजारी श्रेष्ठ पुजारीलाई सधाउनका लागि हाडिगाउँ आएका हुन्छन् । त्यहाँ तयार भएका दुई भाडा, कोट र ढकीमा पुजा सामाग्री हुन्छन् । देवता राख्ने ठाउँ र मैनको फूलको झुप्पा बाटा पुजा गर्न सुरु हुन्छ । यस पुजामा तान्त्रिक विधि अपनाइएको हुन्छ । यी दुई पुजारी मिलि पुजारी घरमा पुजा सुरु हुन्छ र त्यस दिन जात्राको सुरुवात हुन्छ ।

पुजारी घरमा पुजा सकी अब पुजारी घर अगाडि केही पर रहेको शिव मन्दिर (शिवलिङ्ग)मा पुजा गर्ने पालो आउछ । पुजारी घरबाट निस्किदा पहिले तयार पारिएको कोट र ढकी वा पुजा सामाग्रीका साथ नायखी बाजः बजाउने टोली संगै रही शिव मन्दिर तिर पुजा अग्रसर हुन्छ । अब नायखी बाजः बज्न सुरु हुन्छ र जात्राको समाप्ती पछि मात्र बन्द हुनेगर्दछ । अब शिव मन्दिरमा पुजा गरिन्छ (चित्र ८) । यहाँ पुजा हुदा राजोपाध्याय पुजारीद्धारा मन्त्र उच्चारण सहित श्रेष्ठ पुजारीलाई कामहरूको अर्थ सिकाई शिवलिङ्गमा पुजा गरिन्छ । यस पुजामा पुजा गरिने शिवलिङ्ग लिच्छीवीकालको भनी विश्वास गरि आइएको छ ।

शिव मन्दिरमा पुजा गरिसके पश्चात सोही टोलमा रहेको कुमारकार्तिकेयको मन्दिरमा पुजा गरिन्छ (चित्र ९) । त्यहाँ पुजा सकेपछि अब खटको पुजा (चित्र १०) गर्ने पालो आउछ । खटको पुजा गर्दा क्रमै संग कोटाल टोलमा रहेको महेश प्रतिकको खटलाई पहिलो, न्याल्मा टोलमा रहेको विष्णुको खटलाई दोस्रो र अन्तमा थंतुत्वा टोलमा रहेको ब्रह्मा प्रतिकको खटलाई पुजा गरिन्छ । थंतुत्वा टोलमा रहेको ब्रह्मा प्रतिकको खटलाई पुजा गरे पश्चात जात्रामा खट उठाउन तयार हुने र खटले पूर्णतापाई जात्रा अगी बढ्दछ ।

### ३.३.२.२ खटहरूलाई पुजा गर्दा

यस जात्रामा तीन वटा खट रहेका छन् । हेर्दा तीनवटै खट एकै देखिएता पनि उक्त खटमा रहने भगवानको प्रतिमा भने बेग्लाबेग्लै रहेका छन् । हाडिगाउँमा तिन टोल छन् जहाँ तिनवटा खट रहन्छन् । तीन टोल थंतुत्वा टोल, न्याल्मा टोल र कोटाल टोल हुन् ।

कोटाल टोल : पुजारी घर, शिवलिङ्ग, कुमारकार्तिकेयको मन्दिर आदि रहेको यस टोलमा एउटा खट रहन्छ जसमा उमामहेश सहित गणेश, कुमार, गङ्गा, चन्द्र र सुर्य को प्रतिमा रहेको छ । यो खट महेश वा शिव भगवानको प्रतिक हो ।

न्याल्मा टोल : यहाँ विष्णु वा सत्यनारायणको प्रतिमा रहेको खट राखिन्छ । यो खट विष्णु अर्थात् सत्यनारायणको प्रतिक हो ।

थंतुत्वा टोल : यहाँ बह्मा प्रतिकको खट राखिएको हुन्छ । यस खटमा एकल स्वरूपमा रहेका स्थानक विष्णु भगवानको प्रतिमा बह्माको प्रतिकका रुपमा राखिएको हुन्छ ।

खटहरूलाई पुजा गर्दा खटमा तीन नेत्रको प्रतिकका आँखाका चित्रहरू टाँसिने गरेको हुन्छ । त्यती खेर खटमा आएर अरू भक्तजनहरूले पनि पुजा गरिरहेका हुन्छन् । त्यहाँ श्रेष्ठ पुजारीलाई राजोपाध्याय पुजारीद्वारा पुजाको अर्थ सिकाइ के गर्ने भनी अर्थ लगाई पुजा गरिरहेको देख्न सकिन्छ (चित्र ११) । खटमा पुजा सके पश्चात राजोपाध्याय पुजारी त्यहाँ वरीपरी रहेका श्रदालु भक्तजनहरूलाई प्रसाद र मैनको फूल बाड्छन् । प्रसाद र मैनको फूल थोरै मात्रामा मात्र बाडिएको हुन्छ ।

खटहरूको पुजा सकेर खट उठाउन तयार भएपछि थंतुत्वा टोलको खट अगाडि पैटा खलः अथवा खट उठाउने बेला बजाइने बाजा बजाउदै पैटा खलः टोली आइपुग्दछन् । त्यँहा पैटा खलः बजाई (चित्र १२) सबैको ध्यानाकर्षण गराईन्छ र खट उठाउन तयार रहेको संकेत दिइन्छ । खटहरूको पुजा सकेपछि जब खट उठाउनका लागि तयार रहन्छन् तब क्रमैसँग खट उठाउनुपर्छ । पहिलो खट थंतुत्वा टोलबाट उठ्छ र अगाडि बढ्दै न्याल्मा टोलको खटसँग मिसिन्छ । अब दुवै खट उठाई कोटाल टोल पुऱ्याईन्छ र कोटाल टोलको खट उठाईन्छ । तब आएर तीनवटै खट उठाई जात्रालाई खटहरूको पूर्णता प्राप्त हुन्छ । अब तीनवटा खट, अगाडि बह्म्रा, बिचमा विष्णु र अन्तमा शिव प्रतिकको खट उठाई हाडिगाउँ परिक्रमा गराईन्छ (चित्र १३) । हाडिगाउँमा उक्त खटहरू तीन चोटी परिक्रमा गराईन्छ । खटहरू परिक्रमा गराईदा ठाउँठाउँमा रोकेर त्यहाँका स्थानीय बासिन्दाहरूले पुजाआजा गर्दछन ।

यस जात्राको सौभाव पुजामा सबै समुदायका मानिसहरू र पर्यटकहरू समावेश भई महत्त्व बढाइरहेका हुन्छन । यस जात्रामा खट अरू जात्रामा भन्दा भिन्नै रहेको र अझ हेर्दा खटको माथिल्लो भाग, खटमा सवार दुई मान्छेले डोरीको सहायताले घुमाई रहेका हुन्छन् (चित्र १४) । यसरी खटमा लगाएको कपडा फरर उडेर आर्कषक देखिने गर्छ ।

तीन चोटी खटहरू हाडिगाउँ परिसरमा परिक्रमा गरे पश्चात खटहरूलाई अब फेरी उठाएकै क्रम अनुसार अर्थात् पहिलो खट थंतुत्वा टोलमा, दोस्रो न्याल्मा टोलमा र अन्तिम कोटाल टोलमा लगी विर्सजन वा रोकिन्छ । यो जात्राको समाप्तिको संकेत हो । तीनवटै खटहरू आआफ्नो ठाउँमा रोकेपछि जात्रा समाप्तिको लागी अगी बढ्छ । खट सबै रोकेपछि, कोटाल टोलमा रहेको पुजारी घरमा पुजा सुरु हुन्छ । त्यहाँ पुजा सकाई श्रेष्ठ पुजारी न्याल्मा टोलको डवली तल रहेको सत्यनारायणको मन्दिरमा गई पुजा गर्दछन् ।

### ३.३.२.३ सत्यनारायणको मन्दिरमा पूजा गर्दा

सत्यनारायणको मन्दिरमा पुजा (चित्र १५) गर्दा सर्वप्रथम भगवान सत्यनारायणलाई गोलाकार रूपमा रहेको शिरमा लगाउने टोपी जसमा मैनको फूल झुण्डाइराखेको हुन्छ, त्यो लगाईन्छ । अरू ठाउँमा जस्तै त्यहाँ पनि राजोपाध्याय पुजारीको आदेश वा सिकाइमा श्रेष्ठ पुजारी सत्यनारायण भगवानलाई पुजा गर्दछन् ।

सत्यनारायणको मन्दिरमा गई पुजा सकिदा जात्रा त्यस दिनको अन्तिम क्षणमा आइपुगेको हुन्छ। अब पुजारी घरमा बनिरहेको प्रसाद त्यहाँ सहभागीहरूलाई बाडिन्छ र त्यस दिनको समाप्ति गरिन्छ। यसरी सत्यनारायणको मन्दिरमा पुजा सकेर पुजारी, पुजारी घरमा फर्कन्छन्। त्यहाँ पशुपतिबाट आएका राजोपाध्याय पुजारीलाई प्रसाद गह्रण गर्न दिइन्छ र बिदा गरिन्छ। त्यस पश्चात पुजारी घरमा बनेको प्रसाद खट परिक्रमा गर्न सघाउने र जात्रामा लागेका अरू मानिसहरूलाई बाडिन्छ।

प्रसादका रूपमा छोयला, जाँड, भटमास, अदुवा र चिउरा लगायतका विभिन्न परिकार हुन्छन्। यी बाहेक अरू परिकार पनि बनाइएको हुन्छ तर माथि उल्लेखित परिकार चाहिँ जात्राको मुख्य प्रसादका रूपमा बाडिने गरिएको छ। यसरी पुजारीले पनि प्रसाद ग्रहण गरे सँगै उनको उपवास सकिन्छ र जात्राले उक्त दिनको समाप्ति पाउछ।

जात्राको अन्तमा मानिसहरू खटमा रहेको मैनको फूलको झुप्पा लिन तयार बसेका हुन्छन। उक्त मैनको फूललाई व्यथा लागेको स्त्रीको कोठामा लगेर राखे, व्यथा लागेर बच्चा पाउन गह्रो भएको स्त्रीले सजिलौ बच्चा पाउन सक्ने विश्वास त्यहाँका स्थानीय बासिन्दाहरुको छ र सोही विश्वास अनुरूप त्यस फूललाई लिन धेरै मानिसको भिड पनि देख्न सकिन्छ। कहिलेकाही हारालुटको समेत स्थिति आउन सक्दछ जुन त्यस विश्वासलाई बलियो बनाउने माध्ययमका रूपमा रहेको छ।

अन्तत जात्राको समाप्ती सँगै मानिसहरू आ-आफ्नो घर गई आफ्ना परिवार, नातागोतालाई बोलाई भोज खुवाउछन्। यसरी एक दिन हर्ष उल्लासका साथ हाडिगाउँको जात्रा वा कहि नभएको जात्रा हाडिगाउँमा समाप्त हुन्छ।

### ३.३.३ जात्राको पूर्ण समाप्तिको दिन

जात्राको पूर्ण समाप्ति जात्रा गरेको दिनको दुई दिनपछि हुने गर्छ। जात्रामा घुमाइएका खटहरू आ-आफ्नो स्थानमा राखिएको हुन्छ जुन जात्राको दुई दिन पश्चात लडाईन्छ (चित्र १६)। यहाँ खटका पाटपूर्जाहरुलाई एक पछि अर्को नखोलेर खटलाई पहिले जमिनमा ढाल्ने चलन रहेको छ। ढालिसकेपछि बल्ल खटका पाटपूर्जाहरु खोलिने गरिन्छ। किन ढालेर खोलेको वा माथि देखि खोल्दै किन खटलाई नछुट्याईएको भनेर सोध्दा त्यहाँका

बासिन्दाहरु पहिले देखि चलिआएको चलन भएर त्यसो गरिएको भन्ने मत प्रकट गर्दछन् । त्यहाँका स्थानिय बासिन्दा सुरेश प्रजापति पहिले देखि यस्तै चलन छ र त्यसै गरी खट खोलिन्छ भन्नुहुन्छ । यसो हेर्दा खट भारी भएको र माथि देखि पाटपूर्जा खोल्दा बोक्न गाह्रो हुने भएकाले पनि खटलाई सिदै लडाई खोलेको हो भनेर सुरेश प्रजापति थप्नुहुन्छ । यसरी खट लडाई, देवताका प्रतिमा निकालेर पूजा गरे पछि जात्राले पूर्ण समाप्ति पाउँछ ।

जात्रा भएको दुई दिन पश्चात हाडिगाउँका मानिसहरू बिहान जम्मा भई खट लडाउने गर्छन् । यसरी खट लडाउँदा क्रमश पहिलो कोटाल टोलको शिव प्रतिकको खट, त्यसपछि न्याल्मा टोलको विष्णु प्रतिकको खट अनि अन्तमा थंतुत्वा टोलको ब्रह्मा प्रतिकको खटलाई लडाईन्छ । यसरी यी सबै खटहरू लडाएपछि उक्त खटहरूमा रहेको देवताहरुको मूर्तिहरू संकलन गरी पुजारी घर अगाडि राखिन्छ । त्यहाँ क्रमैसँग दायाँ विष्णु बिचमा ब्रह्मा प्रतिकको विष्णु र बायाँ शिवको मूर्ति राखेर पुजा गरिन्छ । त्यहाँ हाडिगाउँका भक्तजनहरू आएर आफ्नो पुजा अर्पण पनि गर्छन् । यसरी पुजा अर्पण सकेपछि भगवानका मूर्तिहरूलाई पुजारी घरमा मूर्ति राख्ने कक्षमा लगेर राखिन्छ ।

उता लडेका खटका पाट पूर्जाहरूलाई खोलिन्छ र सबै पाटपूर्जाहरूलाई हाडिगाउँ थंतुत्वा टोलमा रहेको पाटीमा लगेर राखिन्छ । यसरी हाडिगाउँको सत्यनारायण जात्राले पूर्ण समाप्ति पाउँछ ।

## ३.४ खटमा रहेका महत्त्वपूर्ण भाग र त्यसका विश्वासहरू

### ३.४.१ जात्राका देवता

१) सत्यनारायण,

२) उमामहेश साथ गणेश, कुमार, गंगा, सूर्य र चन्द्र,

३) ब्रह्मा ।

भगवान सत्यनारायणलाई खुशी पार्न आयोजना भएको जात्राको खटमा देउता सबै भन्दा माथि रहेको हुन्छ जसरी यस लोकमा देउता सबै भन्दा माथि छन् । तीन देवताहरू ब्रह्मा, विष्णु, महेश संसारका श्रृटीकर्ताको प्रतिकको रुपमा रहन्छन् ।

### ३.४.२ देवता राखिएका सेतो कपडाको पृष्ठभूमि

यस सेतो कपडाले बेरिएको देवताको पृष्ठभूमिले हिमालय पर्वत वा हीमश्रृखला दर्शाउछ जहाँ किम्बदन्ती अनुसार देवता रिसाई गई बसेको मानीएको छ ।

### ३.४.३ धुपीको हरियो हाँगा

हाडिगाउँ बासी गणेश मानन्धरका अनुसार हिमाल तलको पहाडलाई अंकित गर्दै पृथ्वी जस्तै ढाँचामा राखिएको वन जङ्गलको स्वरुप धुपीको हरियो हाँगाहरू र फूलहरू हुन् जुन पृथ्वीमा हिमालय तल रहेको वन जंगलको प्रतिकको रूपमा देख्न सकिन्छ । हरिराम जोशी (वि.सं. २०६०, पृ. ४८५) का अनुसार यो पृथ्वीमा रहेको वनजङ्गलको प्रतिकका रूपमा खटमा राखिएको भन्नुहुन्छ ।

### ३.४.४ मैनको फूल

भगवान सत्यनारायण वा विष्णुलाई खुशी पार्न बनाएको कतै नभएको फूल वा कहि नभएको फूलको स्वरूपका साथ मैनको फूल बनाइन्छ । यस फूलको गुच्चालाई आफ्नो कोठामा लगेर राखे व्यथा लागेको स्त्रीलाई बच्चा पाउन गाह्रो भएमा सजिलो हुने विश्वास रहेको छ । यस जात्रामा मैनको फूल प्रयोग हुनु एक अच्चमको कुरा हो । फूल भनेको सुगन्ध सँग गासिएको हुन्छ । यस जात्रामा भगवानलाई खुशी पार्न बनाइएको यस फूल कहिकतै नभएको फूलको रुपमा लिइएको भएतापनि सुगन्ध रहित रहेको छ । यो पनि यस जात्राको आफ्नै मौलिक चिनारीका रुपमा रहेको छ । भगवानलाई खुशी पार्न सुगन्ध रहित फूलको प्रयोग गरिने भएकाले यस जात्राले हामीलाई अच्चमीत तुल्याउँछ ।

### ३.४.५ घुम्ने गरी बनाइएको खट

घुम्ने गरी बनाइएको खटको माथिल्लो भागले पृथ्वी घुमिरहेको जनाउने सम्भावना र भगवान सत्यनारायणलाई खुशी पार्न कहि नभएको खट तयार गरीदा अहिलेको पृथ्वीको प्रतिकको रूपमा तयार भएको देखिन्छ । यसको ढाँचा पृथ्वी जस्तै ढाँचामा तयार भएको पृथ्वीको स्वरूप लिइ घुम्ने देखिएको विश्वास गर्न सकिन्छ । जति घुम्यो त्यती नै बोक्न

सजिलो रहको हुने भएको भगवान विश्वकर्माको ढाँचामा बनाईएको खट यस जात्रामा प्रयोग गरिएको हुन्छ ।

### ३.४.६ खटको स्वरूप

सबैभन्दा माथि भगवान, त्यस पश्चात सेतो कपडाको हिमालय पर्वतको प्रतिकको पृष्ठभूमि र त्यस पश्चात तल पृथ्वीमा रहे अनुरूपको वन जंगलको प्रतिकको स्वरूप जनाउछ । खटको घुम्ने माथिल्लो भाग जुन पृथ्वी घुमिरहेको प्रतिक र तलबाट मानिसले उचालेर चलाएको खट जुन पृथ्वीमा मानिसहरू हिमाल, पहाड, वनजंगल आदिको सहायता र देवी देवताको आशीर्वादले चलिरहेको धारणामा यस खटको स्वरूप रहेको अड्कल लगाउन सकिन्छ ।

## ३.५ जात्रामा प्रयोग भएका मूर्तिहरूको प्रतिमालक्षण

यस सत्यनारायण जात्रामा तीन मूर्तिहरूको प्रयोग गरिने गरिन्छ जो भगवान शिव, विष्णु र बह्माको प्रतिकका रूपमा लिईन्छ ।

### ३.५.१ उमामहेश्वर परिवार, सूर्य, चन्द्र र गंगा

यो मूर्ति भगवान उमामहेश्वरको (चित्र १७) हो । यस मूर्तिमा उमामहेश्वर परिवार, सूर्य, चन्द्र र गंगालाई देख्न सकिन्छ ।

सातवटा नागपासले घेरेर बिचमा उमामहेश्वर, परिवार र गणहरूलाई राखिएको यस मूर्तिको बिचमा उमामहेश्वर, उमा महेश्वरको सिधा माथि गंगा, माथि दायाँ चन्द्र, माथि बायाँ सूर्य, तल दायाँ कुमार र तल बायाँ गणेश राखिएका छन् । यी सबै प्रतिमाहरू गोलाकार छन् भने बिचमा रहेको उमामहेश्वरको प्रतिमामा महेश्वर दायाँ र उमालाई बायाँ राखिएको छ । लालित्यपूर्ण सुखाशनमा वा अर्धपर्यङ्क आसनमा देखाइएको यस उमामहेश्वरको प्रतिमा आलिङ्गासन मुद्रामा रहेको छ । यहाँ हामी उमा र महेशलाई प्रेमपूर्वक बसेको वा प्रेम दर्शाएको देख्न सक्दछौं ।

यस प्रतिमामा महेशका चार हात छन्, तलको दाहिने हात उमाको काँधमा राखिएको छ । माथिको दाहिने हातले त्रिशुल समातिरहेको छ भने माथिको देब्रे हातले रुद्राक्ष र तलको देब्रे हातले विगुतको डल्लो समातिरहेको छ । उमाको दाहिने हात शिवको जाँङमा रहेको छ र आफ्नो देब्रे हात आफ्नो घोडा वा थाईमा रहेको छ । दुवै प्रतिमामा त्यति धेरै गहनाहरू देख्न सकिदैन तर लालित्यपूर्ण भावमा बसेको यस प्रतिमा साह्रै मनमोहक र यथार्थपरक छ ।

सोही फलकमा उमा र महेशको माथि रहेको गंगा अञ्जली मुद्रामा शिवको जटामा झरी पृथ्वीमा पुग्न तयार अवस्थामा देखाइएको छ । उनको चार हात मध्ये तलका दुई हात अञ्जली मुद्रा वा उमामहेश तिर नमस्ते गरिरहेको छ भने बाँकी दुई हातमा पुष्प लिईरहेको देख्न सक्दछौ ।

माथि दायाँ भएको चन्द्रको प्रतिमामा हामी चन्द्रलाई पद्मासनमा देख्न सक्छौ । बैनाएकी मुद्रा, दुई हातले कमलको फूल लिइरहेका चन्द्र, कमल फूलको आसनमा रहेका छन् । त्यस्तै माथि बायाँ सूर्यलाई पनि हामी पद्मासनमा देख्न सक्छौ । बैनाएकी मुद्रा, सूर्यमुखी फूल बोकेको सूर्य, सूर्यमुखी फूलको आसनमा रहेका छन् । तल दायाँ गणेशलाई नाँगपासको आसनमा देख्न सक्छौ । चारहात भएको यस गणेशको प्रतिमामा गणेशको शुड दाँहिने फर्केको छ । पुटुक्क पेट फूलेको यस गणेशको चार हातमध्ये माथिको दायाँ हातमा र माथिको बायाँ हातमा पर्शु वा बञ्चरो, तलको दायाँ हातमा आफ्नो भाच्चिएको दाह्रा र बायाँ हातमा मोदक वा लड्डु देख्न सक्दछौ । बायाँ रहेको कुमारको प्रतिमामा हामी कुमारलाई मयूर माथि बसेको देख्दछौ भने दाहिने हात वरद मुद्रामा रहेको र देब्रे हातमा शक्ति वा आफ्नो औजार लिएको देख्न सक्छौ ।

### ३.५.२ सत्यनारायण

अर्को प्रतिमा विष्णुको रहेको छ जसलाई सत्यनारायणको रूपमा यस जात्रामा प्रयोग गरिन्छ (चित्र १८) । स्थानक आसनमा रहेको यो प्रतिमामा विष्णुका चार हात रहेका छन् । चार मध्येको माथिको दायाँ हातमा चक्र, बायाँ हातमा गधा रहेको छ भने तलको दायाँ हातमा पद्मविज र बायाँ हातमा शंख रहेको देखिन्छ । धेरै अलंकरणले सुसज्जीत यस प्रतिमामा पुष्प, शंख, आदि अलंकरणका रूपमा प्रयोग गरी गोलाकार रूपमा सत्यनारयाणको

वरीपरी राखिएको छ। यस प्रतिमालाई पनि नागपासले घेरेर राखिएको छ भने विष्णुको पाउ तल प्रचलित नेवारी लिपिमा लेख लेखिएको छ।

कमलको फूलको आसनमा स्थानक विष्णु र आसन तल लेख्न देख्न सकिन्छ। कम गहनाको प्रयोग, धेरै अलंकरण र सुष्म कलाकारिता यस प्रतिमामा देख्न सक्छौ। यस मूर्ति विष्णुको प्रतिकको न्याल्मा टोलमा रहने खटमा राखिएको हुन्छ।

### ३.५.३ ब्रह्मा

यस जात्रामा प्रयोग हुने मूर्तिहरू मध्ये सबैभन्दा सानो मूर्ति ब्रह्मा प्रतिकको सत्यनारायणको हो (चित्र १९)। पाँचवटा नागपासको घेरा भित्र यस मूर्ति रहेको छ। मूर्तिमा हामी भगवान विष्णुलाई स्थानक आसनमा कमलको फूलको असानमा देख्न सक्छौ। चार हात रहेको यस विष्णुको प्रतिमामा माथिको दायाँ हातमा चक्र, बायाँ हातमा गधा र तलको दायाँ हातमा पद्मविज र बायाँ हातमा शंख देख्न सक्छौ।

कम गहना र कम अलंकरण रहेको यस प्रतिमामा ज्वालावलीमा भगवान विष्णुलाई राखिएको छ। ज्वालावलीको दाहिने तर्फ प्राकृतिक नेवारी लिपिमा सम्वत र बायाँ तर्फ ८३९ लेखिएको देख्न सकिन्छ। यस मूर्ति ब्रह्माको प्रतिकको थंतुत्वा टोलमा रहेको खटमा राखिन्छ।

## ३.६ खटको विवरण

किम्बदन्तीका र विश्वासका आधारमा भगवान विश्वकर्माले बनाई पृथ्वीमा ल्याइदिएको यस खटको बनावट अलि फरक किसिमको छ। तल गजुर र माथि देउता राख्ने तरिकाको खटको ढाँचा, बिना पाँग्रा मानिसले उचालेर परिक्रमा गर्नुपर्दछ। खटको माथिल्लो भाग मान्द्रामा देउताहरूलाई राखिन्छ। उक्त मान्द्रा दुई तलाको भंगेरी माथि रहेको हुन्छ। तलको भंगेरीमा गजुर रहेको हुन्छ जुन घुमाउन मिल्दछ र जसलाई डोरीको सहायताले घुमाए माथिको भाग घुम्दछ (चित्र २०) ।

अनिल श्रेष्ठ, हालका पुजारी “मान्छेले नै बोक्ने भएकाले, यस खटको माथिको भाग जति घुम्यो त्यती नै हल्का हुने र बोक्नलाई सजिलो रहने” बताउछन् । उनी यस खटको ढाँचा आधुनिक होलिकप्टर जस्तो कता कता मिल्न जान्छ पनि भन्दछन् ।

गजुरलाई अढ्याउन एउटा स्वसीँ अर्थात् पूरा खट धान्ने एउटा खम्बा रहेको हुन्छ जुन मट्‌ख अर्थात् खटको तल्लो भागमा राखिएको हुन्छ । त्यहाँ दुई मानिस चढी माथि भंगेरीमा रहेको डोरीलाई तानी खट धुमाउदछन् । मट्‌खमा दुई लकासी अर्थात् मान्छेलाई खट उठाउनका लागि राखिने बासको सहायता खम्बा रहन्छन् । लाकासीमा अगाडि तीन र पछाडि तीन वटा बाँसका खम्बा राखिएका हुन्छन् ।

जम्मा चौबिस जनाले बोक्ने यो खटमा दुई जना माथि चढी घुमाउने गर्दछन् । घुमाउदा उक्त खटमा रहेको झल्लर फरफराउने गर्दछ जस्ले आर्कषक दृष्य दिन्छ ।

**मान्द्रा** : यो माथिको भाग हो जसमा देउताको प्रतिमालाई अड्डाई राखिएको हुन्छ ।

**भंगेरीः** दुई तहको यो भंगेरी शोली आकार पारी, त्रिकोण भई तल गजुर सँग जोडेको हुन्छ ।

**गजुर** : यो भंगेरी र स्वसीँलाई जोड्ने भाग हो जुन घुमाउन मिल्छ । यसले तलको भागलाई माथिको भाग सँग जोड्दछ भने मााथिको भागलाई घुम्न मद्दत गर्दछ ।

**स्वसीँ** : स्वसीँले पूरै खटको वजन लिएको हुन्छ र यो खटको पिल्लरको रूपमा काम गर्दछ ।

**मट्‌ख** : स्वसीँलाई मट्‌खमा अड्याईएको हुन्छ । घरको जग जस्तै खटको जगको रूपमा मट्‌खलाई लिन सकिन्छ ।

**लाकासी** : मट्‌खमा तेर्सो अड्याईएका दुई लामा काठका खम्बाहरू हो जसले खट उचाल्नका लागि रहने बाँसको आडको काम गर्दछ । अन्तत लाकासीले पूरै खटको वजन आफूमा लिन्छ ।

### ३.७ खटको परिक्रमा पथ

खटको पुजा सुरु गर्दा क्रमै संग खटहरू पुजा गरिन्छ। पहिले, कोटाल टोलको शिव प्रतिकको खटलाई, दोस्रो न्याल्मा टोलको विष्णु प्रतिकको खटलाई र तेस्रो थंतुत्वा टोलको ब्रह्मा प्रतिकको खटलाई पुजा गरिन्छ। त्यसपछि खटहरुको परिक्रमा सुरु हुन्छ। पहिले थंतुत्वा टोलको खटलाई उठाईन्छ र उक्त खटको परिक्रमा सुरु हुन्छ। थंतुत्वा टोलको ब्रह्माको प्रतिकको खटलाई भूतेश्वर मन्दिर हुदै हाडिगाउँ डबलीबाट न्याल्मा टोलमा लगिन्छ र त्यहाँ रहेको विष्णु प्रतिकको खटलाई उठाईन्छ। अब दुबै खट मिली जात्राको परिक्रमा अगाडि बढ्दछ। त्यस पश्चात दुई खट कोटाल टोल पुगि शिव प्रतिकको खट संगै मिल्छन्। यसरी तीन वटा खटको मिलन हुन्छ र खटहरूले पूर्णता पाउदछन्।

अब तीनवटै खटलाई सँगसँगै हाडिगाउँ परिक्रमा गराईन्छ। यसरी परिक्रमा गर्दा अगाडि ब्रह्मा प्रतिकको खट, त्यसपछि विष्णु प्रतिकको खट अनि पछाडि शिव प्रतिकको खट रहन्छन्। तीन वटै खट मिलेर परिक्रमा गर्न सुरु गर्न थालेपछि खटहरूलाई पहिले कोटाल टोल, पुजारी घर अगाडि रोकिन्छ जहाँ मानिसहरूले आफ्नो पुजा अर्पन गर्दछन्। यसरी खट परिक्रमा सुरु भएसँगै ठाउँ ठाउँमा राकिन्छन् र त्यहाँका मानिसहरूलाई पुजा अर्पण गर्न दिइन्छ।

कोटाल टोलबाट सुरु भएको खटहरूको परिक्रमा अब न्याल्मा टोल अगाडि गई राखिन्छ र मानिसहरूलाई पुजा अर्पण गर्न दिइन्छ। त्यस पश्चात भूतेश्वर मन्दिर अगाडि अनि थंतुत्वा टोलको बीचमा र सुरुमा उठाएको ठाउँमा रोकिन्छ। त्यसरी रोकिएको बेला त्यहाँका मानिसहरूले पुजा अर्पन गर्छन् भने खटको भार बोकेर थाकेका खट परिचालकहरूले आफ्नो थकान बिसाउन पाउँदछन्।

तीन वटा खट क्रमश यसैगरी हाडिगाउँको तीन परिक्रमा गर्ने चलन रहेको छ। तीन चोटी परिक्रमा गरिने भएता पनि खटको भार र विभिन्न परिस्थितीका कारण कहिले एक परिक्रमामा पनि खट परिक्रमालाई ढुङग्याउने चलन छ। खटको परिक्रमा समाप्तिमा क्रमश पहिले थंतुत्वा टोलमा ब्रह्मा प्रतिकको खटलाई बिसाईन्छ र दुई बाँकी खट सँगै न्याल्मा टोल तिर लाग्दछन्। त्यहाँ विष्णु प्रतिकको खट बिसाईन्छ र शिव प्रतिकको कोटाल

टोलको खट पुजारी घर, कोटाल टोल तिर लाग्दछ। त्यहाँ उक्त खट रोकिन्छ र खट परिक्रमाको समाप्ति आउछ।

खटको परिक्रमा हुने बेलाको दृश्य अति नै मनमोहक हुन्छ। तीनवटै खट बाजागाजा सहित, आफूमा रहेको ध्वजा फरफराउदै हिडिरहेका हुन्छन्। हेर्ने मानिसहरूको भिड पनि उतिकै प्रश्सस्त मात्रामा देख्न पाइन्छ। यसरी तीनवटा खट सँगसँगै ध्वजा फरफराउदै, बाजागाजा सहित हिडेको देख्दा मन आनन्दले हर्षित हुन्छ।

खटको परिक्रमा हुदा हरेक खटलाई एकजना खटको नायक तोकिएको हुन्छ। खट नायकको काम खट परिचालन हुन सुरु गरेदेखि खटको परिक्रमा सकेर बिर्सजन भए सम्म रहन्छ। नेवारी भाषामा खँ नाय भनिने खट नायकको जिम्मा खट परिचालनमा खट परिचालकलाई अर्थ्याउनु, तीन खट नायकको बिचमा आपसी समजदारी गर्नु, परिचालकलाई खट रोक्ने, उठाउने, अगाडि बढाउने आदि कुराको सन्देश वा आदेश दिनु, खट परिक्रमामा सबैलाई हौसल्लाह प्रदान गर्नु रहन्छ। खट नायकको जिम्मा खट परिचालन सम्बन्धी हुन्छ र उसलाई सो कार्य गरे वापत पुजारीद्वारा नगद रु एक हजार र एक झुप्पा मैनको फूल प्रदान गरी आइएको छ। यसरी जिम्मा लिने खट नायक आपसी सहमती द्वारा छानिएका हुन्छन्।

## ३.८ जात्रामा कामको बाँडफाँड

धेरै मानिस वा समुदाय मिलेर मनाइने यस जात्रामा सबैको आफ्नो आफ्नै काम वा दायित्व रहेको छ। जात्राको पूर्व तयारी पुजारी परिवारबाट मैनको फूल बनाएर सुरु हुन्छ भने जात्राको अरू काम छुट्टयाएर बाडिएको छ।

**३.८.१ पुजा गर्ने :** पुजारी परिवार श्रेष्ठ खलकका जो पूस्ता देखि पूस्ता यो रीतीलाई सारी अगी बडाईरहेका छन्। मैनको फूल बनाउने, जात्रा अगाडि उपवास बस्ने, भगवानको पुजा गर्ने, प्रसाद बनाउने आदि कामहरू पुजारी परिवारको रहेको छ। पुजारी परिवारद्धारा यस प्रथा तथा प्रचलन अगाडि बढाईरहेका छन् जुन पुस्तौं पुस्ता देखि चलि आएको हो।

हाल यस पुजारी परिवारमा रहनु भएका सदस्यहरू (मिति : २०७९.६.१३) :

- अनिल श्रेष्ठ (पुजारी)

- आनन्द श्रेष्ठ (भाई)
- सुशीला श्रेष्ठ (आमा)

**३.८.२ विशेष पुजारी :** जात्राको दिन पशुपतिबाट राजोपाध्याय खलकका पुजारी हाडिगाउँका श्रेष्ठ पुजारीलाई पुजामा सधाउन आउने चलन छ। हाललाई पाटनबाट आएका पुजारीले यहाँका श्रेष्ठ पुजारीलाई पुजा अर्थायाई पुजा गर्न सधाउछन् ।

**३.८.३ खट बाध्ने वा खटको काम गर्ने :** मानन्धर खलकको परिवारलाई यस जात्राको खट बाध्ने कामको दायित्व दिइएको छ। खटलाई ढङ्गवध्ध रूपले बाधेर तयार पार्ने र जात्रा अगाडि तयारी राख्ने दायित्व मानन्धर परिवार वा खलकको हो ।

हाल यस टोलिमा रहनुभएको (मिति : २०७९.६.१३) :

- गणेश मानन्धर
- श्याम लाल मानन्धर
- प्रदिप मानन्धर
- राजु मानन्धर
- राकेश मानन्धर

खट बाधे बापत वा खट तयार पारे बापत चौबिस पाथी चामल दिने चलन चलिआएको भएतापनि हाल सो चामल बराबरको रकम भुक्तानी गरिएको खट बनाउने टोलीका प्रमुख गणेश मानन्धर भन्दछन् ।

**३.८.४ खट बिग्रेको बनाउने :** यो कामको लागि सिर्कमीको व्यवस्था रहेको छ। हाल मधसेका एक जना सिकर्मीलाई उक्त कामको जिम्मा दिइएको छ।

त्यस्तै गुठी संस्थान र पुजारी परिवारबाट सामान उपलब्ध भए पश्चात, हाडिगाउँका मानिसहरू मिली खटलाई सजाइने चलन छ। “खासमा यो प्रजापति परिवारको जिम्मा रहेको काम हो तर अहिले सबैले मिलेर सजाउने गरेको छौ ।” सूरेश प्रजापति भन्दछन् ।

**३.८.५ बाजा बजाउने :** दुई तरिकाका बाजा यस जात्रामा बजाइन्छ, नायखी बाजा, पूजा सुरु गर्दा र पैटाखल:, खट उठाउने बेलामा ।

**नायखी बाजाः** नायखी बाजा बजाउने शाही परिवार वा खलकलाई दिइएको दायित्व हो । यस बाजामा न्याखी, झ्याली पर्छन् ।

हाल यस बाजा बजाउने सदस्यहरू (मिति : २०७९.६.१३) :

- मानबहादुर शाही (खड्गी)
- रामदास शाही

**पैटाखलः** महर्जन परिवार वा खलकको दायित्वमा परेको यस बाजा जात्राको दिन खट उठाउने वा खट उठाएर यात्रा गर्ने बेला बजाईन्छ । यस बाजाहरूको सङ्ग्रहमा धिमे, झ्याली, टाइनाई, पोङ्गा पर्दछन ।

हाल यस टोलीमा रहनुभएका सदस्यहरू (मिति : २०७९.६.१३) :

- सुखाराम महर्जन
- नरमान महर्जन
- रामदास महर्जन (हाल गुरु)
- रतन महर्जन
- पृथ्वी महर्जन (कजी)

**३.८.५ खट उचाल्ने** : समुदायको सबै मानिसहरू खट उचाली हाडिगाउँ परिसरमा जात्रा मनाइन्छ ।

- टोल बासिहरू
- पर्यटक
- अन्य आगन्तूकहरू र
- हाडिगाउँ जात्रा आयोजक समिति र कल्व

**३.८.६ खट नायक :** खट नायक भनेर तीन खटका लागि तीन जना मानिस छानिएका हुन्छन् । आपसी समझदारीमा छानिएको यि तीन खट नायक, हरेक खटका लागि

हुन्छन् । खट उठाउने, अगाडि बढाउने, रोक्ने, खटको केही नमिलेमा मिलाउने, एक्कसी खटमा आउने केही समस्या मिलाउने, तीन खट नायक बीचमा आपसी समझदारी मिलाई खट परिक्रमा गर्ने जस्ता जिम्मा यि खट नायकले लिएका हुन्छन् । यो गरे बापत खट नायकलाई नगद रु एक हजार र एक झुप्पा मैनको फूल प्रदान गरिने पूजारी अनिल श्रेष्ठ बताउछन् ।

**३.८.७ सामान र मसलन्द व्यवस्थापन :** गुठी संस्थानबाट आश्विन सुदी १५ रोजमा सञ्चालन हुने हाँडीगाउँ जात्राको कार्यालयबाट जाने जिन्सी सामग्रीको विवरण (परिशिष्ट ४) :

| क्र.स. | जिन्सी सामानको नाम | परिमाण | |
|---|---|---|---|
| १. | तोरीको तेल | दुई पाथी तीन माना | १०.९७२ लि |
| २. | सेतो बोडी | एक पाथी | ३.५९२ केजी |
| ३. | स्यावजी | तीन पाथी | १.४६४ केजी |
| ४. | एक कुर्वाको दही | बाह्र कतहरा | १३.६३२ लि |
| ५. | मासको दाल | एक पाथी | ३.५५२ केजी |
| ६. | नुन | एक पाथी | ४ केजी |
| ७. | कालो भटमास | एक पाथी | ३.४२० केजी |
| ८. | गुनास | एक पाथी | ३.९०४ केजी |
| ९. | बेसार | एक माना | ०.३५० केजी |
| १०. | फ.चा. | | १८१.८०० केजी |
| ११. | चिउरा | | १९२.२५५ केजी |
| १२. | बाँसको लिङ्गो | तीन गोटा | |
| १३. | अदुवा | दुई धार्नी | ४.८००केजी |
| १४. | मैन | छ धार्नी | १४.४०० केजी |
| १५. | मुलाको चाना | एक धार्नी | २.४००केजी |
| १६. | २×३ धार्नीको थमा भेडा | एक गोटा | |
| १७. | राँगाको मासु | दश धार्नी | २४ केजी |

## ३.९ आख्यानहरू

### ३.९.१ जात्राको सुरुवात सम्बन्धी

जब उदयदेवका छोरा नरेन्द्रदेवले तिब्बतबाट आई नेपाल (काठमाण्डौँ) विजय गरे, त्यस पश्चात भगवान (देउताहरू) र मानिसहरू (प्रजाहरूलाई) खुशी बनाउन लागि यो जात्रा सुरु गरिएको भनेर पनि विश्वास गरिन्छ (तिवारी, २००२, पृ. १७१) तर यसलाई प्रमाणित गर्न कुनै प्रमाण नभएको र यो एक विश्वास मात्र रहेको छ । यस जात्रा कति अगाडिको भन्न नसकेपनि यो धेरै समय अगाडि देखि चलिआएको हो भनेर अनूमान लगाउन सकिन्छ । अंमशुवर्माको हाडिगाउँको डवलीमा रहेको शिलामा जात्रापर्वहरूको उल्लेख भएको भएकाले पनि हाडिगाउँको चोक्टे नारायणको जात्रा पनि पहिलेनै थियो की भनेर भन्न सकिन्छ । यस जात्रामा प्रयोग हुने धातुको मूर्तिको पादपृष्टमा वि.सं. १५४१ मा पद्मनाभ नारायण प्रतिष्ठा गर्न गुठी बनाइएको लेखिएकाले यस जात्रा आज भन्दा ५००-६०० वर्ष पूरानो रहेको भनेर प्रमाणित हुन्छ भने अझ अगाडिको भनेर अनुमान गर्न सकिन्छ । हाडिगाउँको ऐतिहासिकता हेर्ने हो भने यहाँ सत्यनारायणको मन्दिरमा रहेको भगवान विष्णुको मूर्ति २-३ शताव्दीको भनेर मानिएको छ (वाङ्गदेल, १९९५, पृ. ११६) । मानदेवको नाती भारवीले राखेको हिटी, अंशुवर्माको शिला आदिले उक्त ठाउँ धेरै पूरानो देखिने रहेको अनुमान लगाउन सक्दछौं (बज्राचार्य, वि.सं. २०३०) । अझ सत्यनारायणको मन्दिरको मूर्ति, गरुडको मूर्ति अझ धेरै पूरानो र सत्यनारायणलाई समर्पित भई पूजाआजा, पर्व र जात्राहरूको प्रचलन यहाँ रहेको भन्न सक्दछौं ।

जात्रामा प्रयोग हुने मूर्तिमा अंकित वि.सं. १५४१ मा गुठी स्थापनाबाट हामी जात्रा पहिले रहेको तर गुठी बनाई पछि रत्न मल्लको पालामा संगठित गरिएको मान्न सक्दछौं । यक्ष मल्लको निधन सँगै काठमाडौं, पाटन र भक्तपूर तिन राज्यको स्थापना भयो । पहिले भक्तपूर बाट शासन चलेको, अब रत्न मल्लले काठमाडौँलाई काठमाडौँबाट शासन चलाउने भए (उपाध्याय, वि.सं. २०७६, पृ. १८०) । त्यसका लागी हाडिगाउँका मानिसहरूको मन जित्न गुठी स्थापना गरी यस जात्रालाई सम्मान गरेको पनि अनुमान लगाउन सकिन्छ । यसरी रत्न मल्लले जनता वा हाडिगाउँ बासीहरूको मन जित्न यस जात्रामा सहयोग पूऱ्याएर जात्रालाई निरन्तरता दिएको भनी भन्न सक्दछौं ।

### ३.९.२ जात्रा सम्बन्धी किम्बदन्ती

हाडिगाउँका स्थानीय बासिन्दा गणेश मानन्धर, उमेर ७६, यो जात्राको सुरुवात दुई दिदी बहिनीको कथाबाट सुरु गर्नुहुन्छ । यो कुरा त्यती बेलाको हो जतिबेला हाडिगाउँ आजको भन्दा ठूलो थियो । त्यती बेला यसलाई विशालनगरी भनिन्थ्यो जुन हालको बुढानिलकष्ठ देखि शंखमूल सम्म फैलिएको थियो । त्यति बेला त्यहाँ दुई दिदी बहिनी थिए । दिदीको विवाह धनी परिवारमा र बहिनीको विवाह मध्यम वर्गीय परिवारमा भएको थियो । दिदी बहिनीको धार्मिक आस्था वा विश्वासको कुरामा भने बहिनी धेरै धार्मिक र भगवान विष्णुप्रति समर्पित थिइन भने दिदी अलि सम्पन्न परिवारमा भएकीले त्यती धार्मिक थिइनन् ।

एक दिन दिदी बहिनी दुबै गववर्ती हुन्छन् र सँगै आफ्नो माइतमा हुन्छन् । कुरामा कुरा चल्दै जाँदा उनीहरू बच्चा पाउने कुरामा कुरा गर्न पुग्छन् । बहिनी भन्छिन् बच्चा पाउदा त गाह्रो हुन्छ र भगवानको नाम लिए सजिलो हुन्छ भने दिदीको भनाइ फरक हुन्छ । दिदी भन्छिन् बच्चा पाउनु भनेको त दिशा गरे जस्तै त हो । त्यो भनाइलाई सच्चाउदै बहिनी भन्छिन्, कहाँ दिदी बच्चा पाउन त भगवानको कृपा र आशीर्वाद हो नत्र त गाह्रो हुन्छ, अनेकौ बाँधा अडचन आउछ । खासै भगवानमा आस्था नराख्ने दिदी त्यो कुरा मान्न तयार हुदिनन् र त्यस कुरालाई नकारछिन् । त्यो कुरा भगवान सत्यनारायणले सुनिराखेका हुन्छन् र दिदीलाई पाठ सिकाउने ठान्दछन् । दिन बिते सँगै बहिनीले बच्चा सजिलै पाउछिन् भने दिदीको गर्व बसेको बसै हुन्छ । बषै बितीसक्दा पनि दिदीले बच्चा पाउन सक्दिन्न् । बाह्र वर्ष बितीसक्दा पनि बच्चा हुन नसकेकोले दिदीको परिवार, इष्ट मित्र सबै आत्तिन थाल्छन् र के भएको भनेर खोजि निती गर्न थाल्छन् । खोजी निती गर्दा भगवान विश्वर्कमालाई सोधिन्छ । भगवान विश्वर्कमाले भगवान सत्यनारायण रिसाएको र हिमालय पर्वतमा गई बसेको कुरा बताउछन् । त्यसपछि भगवान विष्णु रिसाएर त्यस्तो भएको थाहा पाउछन् । भगवान विष्णुलाई अब खुशी बनाई, भगवानको आशीर्वाद सहित अब उक्त कुरालाई अन्त्य गर्ने भनेर सबै भेला भई क्षमाआचना गर्छन् तर भगवान विष्णु मान्दैनन् । फेरि के गरी खुशी पर्ने भनेर भगवान विश्वकर्मालाई सोध्दा, कहि नभएको उत्कृट र मनमोहक जात्रा गर अनि मान्ने थाहाहुन्छ । तब भगवान विष्णुलाई एउटा कहि नहुने जात्रा, जुन आफैमा मनमोहक हुन्छ, त्यस्तो जात्रा गरी भगवानलाई खुशी पर्ने बाचा सहित हाडिगाउँमा कही नहुने जात्राको सुरुवात हुन्छ । त्यो जात्रा देखेर प्रसन्न भएका भगवान

विष्णु पृथ्वीमा आई आफूले लगाएको बन्धन फूकाउछन र उक्त दिदीले बच्चा पाउछिन् जो बाह्र वर्ष गर्वमा रहेको र गर्व भित्र नै उसको जुँगा पलाई सकेको हुन्छ । त्यसरी जात्राको प्रचलन सुरु भएको मानिन्छ ।

भगवान सत्यनारायणमा अर्पित उक्त जात्रालाई विषेश बनाउने भनेर जात्राको खट पनि नैलो बनाइएको हुन्छ जुन भगवान विश्वकर्माले तयार पारी पृथ्वी पठाइदिएका हुन्छन् भने त्यसमा कहि नपाइने फूल मानेर मैनको फूल राखिएको हुन्छ । उक्त खट अरू जात्राहरू भन्दा उल्टो राखिएको हुन्छ ।

त्यस्तै धेरै आख्यानहरू भएको यस जात्राको अर्को मिल्दोजुल्दो तर केही फरक आख्यान पनि सुनिन्छ जुन यहि कुरा अलि फरक ढङ्गमा पनि छ । कुरा एउटा घरबाट सुरु हुन्छ जहाँ एक महिला गर्भवती रहेकी छिन् । एक दिन उनीलाई बेथा लागि रहेको हुन्छ र उनी आफ्नो आमालाई सहयोगको लागि बोलाइरहेको हुन्छिन् । तब भगवान सत्यनारायण मानिसको भेष गरेर त्यही बाटो गहिरहेको हुन्छन् । बेथा लागेको महिलाको आवाज सुनेपछि उनी त्यहाँ गई उक्त महिलालाई केही हुन्न, अत्तिनु पर्दैन, भगवानको नाम लिए सबै ठिक हुन्छ भन्दछन् । पिडाले छटपटाइरहेकी उक्त महिला, रिसमा आई भगवान सत्यनारायणलाई गाली गर्दछिन् । गाली खाएका भगवान रिसाउछन् र हिमालय पर्वतमा गई बस्छन् । उता, उक्त व्यथा लागेकी महिला बाह्र वर्ष सम्म पनि गर्भवती नै रहन्छिन् । बाह्र वर्ष सम्म पनि गर्भवती रहेको देखेर त्यहाँका मानिसहरू अच्चमीत हुन्छन् र किन त्यसो भयो भनेर खोजिनित गर्न लाग्छन् । खोजिनिती गर्दा थाहा हुन्छ कि भगवान सत्यनारायण रिसाएका कारण त्यो सबै भएको रहेछ र त्यसरी भगवानलाई रिसाएर राख्नुहुन्न भनेर सबै मिली प्रभुको क्षमा आचना गर्न जान्छन् । तर भगवान सत्यनारायण मान्दैन् । नमानेपछि भगवानलाई उहाँको नाममा कहि नभएको, एकदमै पृथक जात्रा गारी खुशी बनाउने भनेर बाचा सहित जात्राको तयारी गर्दछन् । अतीनै पृथक र मनमोहक तरिकाले गरिएको उक्त जात्रा देखेपछि भगवान सत्यनारायण खुशी भई पृथ्वीमा आउछन् । त्यसपछि बाह्र वर्ष देखि गर्भवती भएकी उक्त महिलाले बच्चा पाउदछिन् । बाह्र वर्ष गर्वमा रहेको बच्चा जुँगा सहित जन्मन्छ । यसरी भगवान सत्यनारायणलाई अर्पित भई सत्यनारायण जात्राको चलन चल्दछ ।

सुर्दशन तिवारी (२००२, पृ. १६९-१७०) आफ्नो पुस्तक *द ब्रिक एण्ड द बूल*मा यस जात्राको किम्वदन्ती यसरी लेख्दछन् । दूई दिदीबहिनी हाडिगाउँमा आफ्नो पहिलो गर्वको

कुरा गरिरहेका हुन्छन् । तिमध्ये कान्छी चाहिँ आफू गर्भवती हुदा गाह्रो हुने तर भगवानको कृपाले सबै ठिक हुने कुरा बताउछिन् । अर्की जेठी भने गर्भवती हुनु भगवानको कृपा नभई प्रकृतिको एक देन हो, सजिलै हुन्छ भन्छिन् । सम्योगवस प्रभू सत्यनारायण उक्त वर्ता सुनिरहेका हुन्छन् र जेठीका भनाइप्रति आक्रोषित हुन्छन् । आक्रोषित प्रभू जेठीलाई एउटा पाठ पढाउने भनी रिसाई, जेठीको गर्भवती हुदा धेरै गाह्रो र कष्ट सहनुपर्ने सराप दिन्छन् र हाडिगाउँ छाडेर जान्छन् ।

गर्भवती भएकी बहिनीको सजिलै बच्चा जन्मिन्छ भने दिदीको भने बच्चा जन्मदैन । गर्भमा बच्चा बसेको धेरै भए पनि बच्चा नपाएकाले उक्त दिदी सत्यनारायणको आरधना गर्ने निधो गर्दछिन् । आरधना गर्दा उक्त सरापको मूक्ति पाउनका लागि कैलाश गई तप गर्नु पर्ने र भगवान शिवले मात्र बिचमा आई उक्त सरापलाई समाप्त गर्ने कुरा थाहा हुन्छ र सोही अनुरूप कैलाशमा तर्फ गर्न जान्छन् । त्यहाँ शिव भगवान बाह्र वर्ष कटे पछि उक्त सराप समाप्त हुने र बच्चा जन्मने भनेर भन्छन् ।

उता भगवानहरूको जमघटमा भगवान चोक्टे नारायण भने हुदैनन् । अरू भगवानहरू कता गए भनेर सोचमा परेको बेला, एक भगवानले आफ्नो शक्ति मार्फत चोक्टे नारायणलाई कैलाशमा रहेको देख्दछन् । त्यो थाहा पाएपछि हाडिगाउँका मानिसहरू चोक्टे नारायणलाई फिर्ता बेलाउन बाजागाजा सहित पर्व मनाउछन् तर भगवान चोक्टे नारायण फिर्ता आउन मान्दैनन् ।

यता बाह्र वर्ष गर्भमा रहेको बच्चा जन्मिदा जुँगा सहित जन्मने र मानिसहरूको शंकामा पर्ने भनेर उक्त बच्चालाई जन्मदिने जोडी तनावमा पर्छन् । अझ नारायण अझै रिसाएको र हाडिगाउँमा नआउने कुरा यथावत नै रहेको हुन्छ । त्यो देखेर महादेवले हाडिगाउँका मानिसलाई एउटा जात्रा जहाँ आमाले दियो लिई जात्राको अगाडि र बुबा खट बोकेको, त्यस्तो जात्रा त्यो बच्चालाई देखाए भगवान चोक्टे नारायण प्रसन्न हुने र हाडिगाउँ आउने कुरा भन्दछन् र त्यदि त्यसो भए अरू भगवानहरू पनि हाडिगाउँ आई बच्चा बारे शंकाको कुरा हाडिगाउँका मानिसहरूलाई बताउने भन्दछन् । सोही अनुरूप हाडिगाउँका मानिसहरू एउटा अनौठो र कही नभएको जात्रा गर्छन र चोक्टे नारायणलाई खुशी पार्दछन् ।

यसरी यस जात्राको सुरुवात भएको भनेर पनि धेरैले विश्वास गर्दै आएका छन् ।

### ३.१० कहि नभएको जात्रा हाडिगाउँमाका रुपमा प्रचलित हुनुका कारण

सत्यनारायणको जात्रा हाडिगाउँमा हुने एक महत्त्वपूर्ण जात्रा हो । यसलाई कही नभएको जात्रा हाडिगाउँमाका नामले पनि चिनिने गरिन्छ । नेपाल भरिनै यस जात्रा कही नभएको जात्रा हाडिगाउँमा रुपमा परिचित छ । यसो हुनुमा यस जात्राका विभिन्न पक्षरुको देन छ ।

- **सत्यनारायण भगवानका समर्पित भएको यस जात्रामा शिव र ब्रह्मालाई पनि उत्तिकै सम्मान**

हिन्दू धर्मका तिन सर्वश्रेष्ठ भगवानहरु ब्रह्मा, विष्णु र महेशलाई यस जात्रामा उत्तिकै रुपमा आदर गरेर यस जात्रा मनाइन्छ । तीन भगवानलाई उत्तिकै आदर र सम्मान गरेपनि नाम भने फेरि सत्यनारायणको मात्र लिई जात्रा नामाकरण भएको छ ।

- **सुगन्ध रहित मैनको फूलको प्रयोग**

फूल सुगन्धको प्रतिविम्ब हो । यस जात्रामा भगवानलाई खुशी पार्न केही नभएको फूलको रुपमा मैनको फूल प्रयोग गरिएको छ जसमा सुगन्ध रहेको हुँदैन । सुगन्ध रहित फूलले भगवान खुशी पारिएको यो जात्राको अनौठो पक्ष हो ।

- **उल्टो खटको निर्माण**

नेपालमा वा संसार भरिनै गजुर माथि र देवताहरु तल रहेको खटहरुको निर्माण हुन्छ । यसको विपरित, सत्यनारायणको जात्रामा गजुर तल, देवता माथि रहेको खटको निर्माण भएको छ जुन आफैमा अनौठो कुरा हो ।

- **ठूलो खटको निर्माण**

मान्छेले नै बोक्ने र परिक्रमा गरिने भएको यस जात्राको खटको बनावट अलि ठूलो र भारी रहेको छ । भगवानलाई आफ्नो मिहिनेत देखाउन हो वा पहिलेका मानिसहरु अलि

शारीरिक हिसावले बलियो भएर हो खट भने ठूलो रहेको यस जात्राको अनौठा पाटो भन्न सकिन्छ ।

- **पृथ्वीलाई झझल्काउने स्वरुपको खटको ढाँचा**

खटको ढाँचा हेर्ने हो भने यसले पृथ्वीको प्रतिनिधित्व गरेको देख्न सक्छौ । माथि देवता, त्यसपछि हिमाल अनि वन जङ्गलको प्रतिकका रुपमा राखिएको यस खटमा पृथ्वीको र पृथ्वीमा मानिसहरुको आस्था, चलन देख्न सकिन्छ । खटको माथिल्लो घुम्ने भागले पृथ्वी घुमिरहेको प्रतिविम्व दिन्छ ।

यसरी समग्रमा यस जात्राको प्रचलन, खटको ढाँचा, प्रयोग भएको मैनको फूल र धेरै कुराहरुको हिसाबमा काठमाडौँका अरु ठाउँभन्दा फरक रहेको यस जात्रालाई कही नभएको जात्रा हाडिगाउँमा पनि भनिएको भन्न सकिन्छ ।

# अध्याय : चार

## पाँच दशक यता जात्रामा आएको परिवर्तन र समस्याहरू

धर्महरू खतम वा बदलिदै जान्छन् र तर चाडपर्व र उत्सवहरू रहन्छन् (लेभी, २००७, पृ. २४)। नेपालको इतिहासका पान्नाहरू पल्टाउनेहो भने कुनै बेला कुनै एक धर्मको वर्चश्व रहेको पाईन्छ तरपनि जात्राहरू रहीआएको देखिन्छ। त्यस्तै जात्राहरू सरकारद्वारा जोग्रेना गरिएको र कुन जात्रा कसले वा कुन संगठनले गर्ने भनी सबैको काम काज र परिभाषा छुट्टयाई मान्यता प्राप्त भएका हुन्छन्। नेपालमा शासन बदले सँगै जात्रामा धेरैअसर पर्न गएको देखिन्छ। नेपालमा गोरखा राज्यको उदय सँगै काठमाडौंमा प्रचलित धेरै जात्राका सरकारी स्रोत बदलिए, कतित रोकएपनि तर जति नै उतारचढाव भएपनि जात्रा तथा पर्वले कुनै न कुनै स्वरूपमा स्थान र निरन्तरता पाइराखे।

### ४.१.परिवर्तन

धेरै अगाडि देखि चलिआएको यस जात्रा अहिले आएर धेरै परिवर्तन भएको देख्न सकिन्छ। क्रमीक विकास, अन्तराष्ट्रियकरण, समाजमा आएको परिवर्तन आदि सबैको प्रभाव सँगै यस जात्राले पनि आफ्नो स्वरूप बदलेको छ। जात्रामा राखिने देउताको पादपृष्ठमा रहेको लेखले वि.स. १५४१ मा गुठी बनाईएको भनी लेखिएको र किम्वदन्तीमा पनि उक्त जात्राको निमित्त गुठी रहेको कुरा रहेपनि हाल त्यस्तो कुनै गुठी नरहेको र पुजारीका परिवार मिली यस जात्राको पूरै काम काज, जोग्रेना गरी आएका छन्।

उक्त जात्रामा प्रयोग हुने देवताको मूर्ति मध्ये एकमा पाइएको लेखबाट, त्यहाँ यस जात्राका लागि भनेर पद्मनाभ नारायण प्रतिष्ठा गुठी बनाइएको थियो भन्ने थाहा हुन्छ। उक्त गुठी यस जात्राका लागि बनाइएको र त्यस गुठीले नै यस जात्राको सम्पूर्ण कार्यहरू गर्ने भनेर अडकल लगाउन सकिन्छ। उक्त समयमा बनाइएको त्यस गुठी समयकाल खण्डमा परिवर्तन हुँदै जादा अहिले आएर देख्न पाइदैन। अहिले यस जात्राका लागि भनेर कुनै त्यस्तो गुठी रहेको देख्न सकिदैन। हाल यस जात्राका लागि भनेर नेपाल सरकारको गुठी संस्थान रहेको र जात्रा सम्बन्धी सहयोग उक्त गुठी संस्थानले नै गर्दौ आएको देख्न सकिन्छ। त्यस पश्चात पुजारी खलकको मानिसहरू सम्मिलीत भई एक अधोषित वा अनौपचारीक गुठी मार्फत यस जात्रा संचालित गरिन्छ।

त्यहाँका मानिसहरूबाट पनि यस जात्राको बढलाव वा परिवर्तन सम्बन्धी धेरै कुराहरू सुन्न पाइन्छ। मौखिक श्रोतका अनुसार यो जात्राको धेरै परिवर्तन र फेरिएको रूपको बारेमा हामीलाई जानकारी हुन्छ।

पहिले यो जात्रा गर्दा मानिसहरूको भिड वा संलगनता धेरै हुने जुन क्रमीक रूपमा कमी हुदै गहिरहेको छ। खट बाँध्दा वा तयार गर्दा मानिसहरूको संख्या धेरै भएको पहिलेको समयमा अहिले आएर कम मानिस मात्र देख्न सकिन्छ भनेर गणेश बहादुर मानन्धर भन्नुहुन्छ। उहाँ थप्नुहुन्छ, जात्राको दिन मानिसहरू धेरै देखिएतापनि जात्रा भन्दा अगाडि र पछाडि यसको तयारी वा अन्त्यमा भने खासै मानिसहरू रहदैनन्।

त्यस्तै त्यहाँका पुजारी, अनिल श्रेष्ठ जात्राको परिवर्तनमा धेरै कुराको परिवर्तन आएको भन्नुहुन्छ। उहाँका अनुसार जात्राको खट घुमाउने पथमा हामी परिवर्तन देख्न सकिने भन्नुहुन्छ। पहिले खटलाई तीन चोटी हाडिगाउँमा घुमाइने गरिन्थ्यो भने अहिले खटलाई एक चोटि मात्र घुमाइएको छ। यस परिक्रमाको परिर्वतन पछाडि पनि जनशक्तिको अभावको प्रभाव देख्न सकिन्छ। पहिले धेरै मान्छे भएका र उक्त समयको स्वच्छ हावापानीका कारण होला मानिसहरू बलिया भई खटलाई तीन चोटी सजिलो घुमाउन सक्थे भने अहिले आएर मानिसहरूको खानपान, हावापानी परिवर्तन सँगै बल वा शारीरिक शक्तिमा पनि कमी आएको छ। यसका साथै अहिले जनशाक्तिको पनि अभाव रहेको र अब्बल वा दह्रो जनशक्ति देशबाट पलायन हुने स्थिति रहेको कारणले जात्रामा त्यती धेरै मानिसहरू नरहेका र रहेकाले तीन चोटी घुमाउन नसक्ने भएका कारण यस जात्रा एक चोटी मात्र घुमाउने गरीएको हो।

त्यहाँ निवासी श्यामकुमार डंगोल जात्राको सुरु र समाप्तीमा पनि धेरै परिवर्तन आफूले सुनेको र देखेको भन्नुहुन्छ। पहिला जात्रा बिहानै सुरु भएर दिनको १०-११ बजे सम्म सकिने र मानिसहरू आ-आफ्नो काममा लाग्ने कुरा उहाँले आफ्नो हजुरबुबाबाट सुनेको भन्नुहुन्छ जुन अहिले आएर दिनभरी नै रहन्छ। समग्रमा हाडिगाउँका धेरै मानिसहरू यो बिचार राख्दछन्। यो कुरालाई मान्ने हो भने पहिले जात्रा छिटो वा बिहानै देखि सुरु गरिन्थ्यो भने अहिले पछि साईत परेको र ढिला हुन गएको भन्न सकिन्छ।

सुर्दशन तिवारी (२००२, पृ. ९७)का अनुसार यस ठाउँ पहिले विशालनगरी नाम रहेको जुन बुढानिलकण्ठ देखि शंखमूल सम्म रहेको आफ्नो किताब ब्रिक एण्ड द बूलमा बताउनु हुन्छ । उहाँ यस जात्रा त्यती खेर पूरै बुढानिलकण्ठ देखि शंखमूल सम्म नै गरिन्थ्यो भन्ने कुराको आश लगाउनु हुन्छ जुन अहिले हेर्दा हाडिगाउँमा मात्र सिमित छ ।

यस जात्रामा बजाइने बाजा, पैटा खल बाजः अथवा महर्जन खलकले बजाउने बाजा र नायखी बाजा अर्थात शाही खलकले बजाउने बाजा मात्रा बजाइन्थ्यो । समयको बदलाब, नयाँ नयाँ उपकरणहरूको सिर्जना आदिले गर्दा आजकाल यस जात्रामा आधुनिक तथा सांस्कृतिक गीत र धूनहरू पनि नयाँ नयाँ उपकरणका सहायताले बजाइने गरेको पाइन्छ । नयाँ नयाँ स्पीकर, ड्रम आदि इत्यादिको प्रयोग गरी मानिसहरू जात्रामा रमाउदै सामेल भएको पनि देख्न पाइन्छ ।

जात्रा गर्दा लगाइने लुगामा पनि अहिले फरक देख्न सकिन्छ । अहिले आधुनिक तवरका कपडाहरू पाइने र प्रचलनमा रहेकाले जात्रामा सामेल मानिसहरू नयाँ र आधुनिक लुगाहरू लगाई जात्रामा रमाइरहेका हुन्छन । अझ भन्नुपर्दा विभिन्न संघ संस्थानहरूले आफू मन खुशी जात्रामा सामेल भएका मानिसहरूलाई कपडा (टी.र्शट) प्रदान गरेको देख्न सकिन्छ । उक्त कपडामा जात्राको नाम, कपडा दिने संघ संस्थानको नाम आदि लेखिएको हुन्छ । सबैले एकैनासको लुगा लगाएर जात्रामा सामेल हुदा जात्रा अझ मनमोहक देखिने गर्दछ । यसरी अहिलेको यो कपडाको चलन पहिले पनि थियो भन्न सकिन्न र पक्कै अहिलोको स्थिति अनुसारको बढलाबको अनुसरण हो भन्न सकिन्छ ।

### ४.२.समस्याहरू

यस जात्रा अन्तर्गतका समस्याहरू यसप्रकार बुँदागत गरिएको छ :

- **कुनै छुट्टै गुठी/संस्था नभएको**

यस जात्रामा प्रयोग हुने देवताको मूर्ति मध्ये एकमा पाइएको लेखबाट त्यहाँ यस जात्राका लागि भनेर पद्मनाभ नारायण प्रतिष्ठा गुठी बनाइएको थियो । उक्त गुठी यस जात्राका लागि बनाइएको र त्यस गुठीलेनै यस जात्राको सम्पूर्ण कार्यहरू गर्ने भनेर अडकल

लगाउन सकिन्छ । उक्त समयमा बनाइएको त्यस गुठी समयकाल खण्डमा परिवर्तन हुँदै जादा अहिले आएर देख्न पाइदैन । अहिले यस जात्राका लागि भनेर कुनै त्यस्तो गुठी रहेको देख्न सकिदैन । हाल यस जात्राका लागि भनेर नेपाल सरकारको गुठी संस्थान रहेको र जात्रा सम्बन्धी सहयोग उक्त गुठी संस्थानले नै गर्दौ आएको देख्न सकिन्छ । त्यस पश्चात पुजारी खलकको मानिसहरू सम्मिलित भई एक अधोषित वा अनौपचारीक गुठी मार्फत यस जात्रा संचालित गरिन्छ ।

- **खटमा प्रयोग हुने सामान र पाटपूर्जाहरू पूरानो भएको**

धेरै पहिले बनेको खटका पाटपूर्जाहरू उचित मर्मत र स्यारस्म्भारका कमीले पूरानो भएका छन् जस्ले गर्दा खट कमजोर हुने हो की भन्ने कुराले त्यहाँको स्थानीयलाई सताईरहन्छ । आर्थिक कमी र उचीत मर्मतको अभाबका कारण त्यही खटका पूराना पाटपूर्जाहरूलाई प्रयोग गरी खट बनाइदा कुनै दिन केही कमजोरीका कारण कुनै दुर्घटना हुन गएमा के गर्ने कुराले पनि धेरै समस्या निकाल्ने गरेको देखिन्छ ।

- **जात्राका लागि दिइने सामानहरूको उचित मूल्याङ्कन हुनुपर्ने**

गुठी संस्थानद्धारा दिइने जात्राको लागि चाहिने सामाग्रीहरू पनि अहिलेको समयमा मेल नभएको र कम भएको महसूस त्यहाँका मानिसहरूको भनाइ छ ।

- **युवाहरूको घट्दो जोस जागर**

बढ्दो अन्तराष्ट्रियकरणले गर्दा मान्छेको चाह जात्रा प्रति घट्दै गएको र युवा पुस्तामा यो धेरै मात्रामा देख्न पाइने गरेको छ ।

- **काम गर्न उपयुक्त परिश्रमिक, व्यवस्था नभएको**

जात्रा गराईदा, उक्त जात्रामा खटिएका मानिसहरूको परिश्रमिक उचित नभएको देखिन्छ । खट बाध्ने टोलीका गणेश बहादुर मानन्धर खट बाध्न २४ पाथी चामल दिने चलन छ र अहिले त्यती बराबरको पैसा दिईन्छ जुन कम भयो भन्नुहुन्छ ।

- **उपयुक्त मानवशक्तिको कमी**

जात्राको विभिन्न काम पुस्तै देखि सरी आएको भए पनि अहिले आएर नयाँ पुस्ताले पाएको र देखेको नयाँ अवसरहरूले गर्दा पुस्तैनी सरि आएको काममा कमी आउन पुगेको छ ।

- **उचीत स्वस्थ मापढण्ड नहुनु**

जात्रा मनाउने क्रममा खट कहि कसो ढलेर ठूलो धनजनको क्षति हुन गएमा जिम्मा कस्को र के गर्ने भन्ने कुराले पनि धेरै समस्या निकाल्ने गरेको देखिन्छ ।

- **जात्रा भन्नाले रमाइलो गर्ने र जाँड रक्सी पिउने भन्ने धारणाको विकास भएको**

जात्रा भनेको रक्सी पिउने, रमाइलो गर्ने भन्ने मात्रै सोच आजकालका युवा पुस्तामा विकसित भएको देखिन्छ । सबैले त्यसरी नलिए पनि धेरैमा यो दिन भनेको रक्सीको साथमा रमाउने भन्ने धारणा रहेको पाईन्छ ।

- **उचित प्रचारप्रसारको कमी**

जात्राको दिन धेरैले सहभागिता जनाएपनि यस जात्राको उचित प्रचारप्रसार नभएको देखिन्छ । यस जात्राका मूर्त तथा अमूर्त सम्पदा, जानकारी, पक्षहरूको राम्रोसँग प्रचारप्रसार गर्नु जरुरी छ ।

- **अनुसन्धानको कमी**

नामले प्रख्यात यस जात्राको मूर्त र अमूर्त पक्षको अनुसन्धान अझै वैज्ञानिक र सुष्म तवरले गरिनु पर्ने देखिएको छ । यस जात्राले नेपालको वा काठमाडौंको इतिहास बोकेर बसेको र त्यस जात्रामा प्रयोग हुने मूर्तिको फलकमा लेखिएको लेखले अझ नेपालको इतिहासमा जोड दिने भएकोले अनुसन्धान तथा खोजको आवश्यकता देखिएको जुन भएेको छैन ।

- **बीमाको व्यवस्था नभऐको**

नराम्रो घटना कहिले घट्छ भन्न सकिन्न । त्यसैले जात्रामा कहिले नचाहिकन केही नराम्रो भयो भने त्यसलाई सहजता पुऱ्याउन जात्रामा सम्मिलित भएका मानिसहरूको बीमा गरिनु पर्ने आवश्यकता देखिएको छ जुन यस जात्रा अर्न्तगत भऐको छैन ।

- **संस्कृतिक पर्यटनको रूपमा विकास गर्न योजना तर्जुमा गरिनुपर्ने**

यस जात्रा संस्कृतिक पर्यटनको रूपमा धेरै नै महत्त्वपूर्ण रहेको र यदि सही योजनाका साथ यसको प्रचारप्रसार गरिएमा यसले नेपालको पर्यटनमा टेवा पुऱ्याउने देखिन्छ । आफ्नै मौलिकपन लिएर बसेको यस जात्रा संस्कृतिक पर्यटनका हिसाबले धेरै नै महत्त्वपूर्ण देखिन्छ जुन यस जात्रामा कमी रहेको वा अनुसरण गरिको छैन ।

- **जात्राको मूर्तिको लेखको अनुसन्धानको कमी**

यस जात्रामा प्रयोग भएको मूर्तिको फलकमा प्राकृतिक नेवारी लिपी लेखिएको लेखले यो जात्रा आजभन्दा ५०० वर्ष अगाडि रहेको जनाउँछ र यसलाई अझ अनुसन्धान गरे यसले नेपालको इतिहास लेखनमा सघाउने देखिन्छ जुन अनुसन्धानमा परेको देखिदैन ।

# अध्याय : पाँच

# उपसंहार

## ५.१. छलफल

नेपालमा विभिन्न चाडपर्व, जात्रा, उत्सवहरू मनाउने गरिन्छ जसले जनजीवनमा ठूलो महत्त्व राख्दछ । आफ्नो परिवार, साथीभाई सँग रमाइलो गर्ने माध्यमका रूपमा जात्रा पर्वलाई लिने गरिन्छ ।

काठमाडौँ उपत्यकाको १.६ कि.मी दक्षिणपश्चिम क्षेत्रमा अवस्थित पूरानो वस्ती हाडिगाउँ, पूरानो चिनारी र आफ्नै मैलिक संस्कृतिको दृष्टिले सम्पन्न रहेको छ । यस ठाउँको ऐतिहासिकताको बारेमा वंशावली, शिलालेख आदिमा प्रशस्त उल्लेख भएको पाइन्छ । यस ठाउँको विशेषता यसमा प्रचलित रहेका चाडपर्व, जात्रा आदिका रूपमा देख्न सक्दछौ । धेरै जात्रा पर्वहरू मध्य यस ठाउको एक आफैमा उत्कृष्ट र अनौठो जात्राको रूपमा सत्यनारायणको जात्रा जुन कही नभएको जात्रा हाडिगाउँमा लिन सक्दछौँ ।

आश्वीन शुक्ल पूर्णिमामा दिन अर्थात् कोजाग्रत पूर्णिमाको भोलिपल्ट हूने यस जात्रा आफैमा विशिष्ट पहिचा र छुट्टै मौलिकता बोकेको जात्रा हो । अरू जात्राहरू भन्दा उल्टो, देवताहरू माथि, गजुर तल रहने खट यस जात्राको मौलिक विशेषता हो । सुदर्शन तिवारी (२००१) यस जात्रा बच्चाको जन्म र सत्यनारायण भगवानको बिचको सम्बन्धलाई लिएर मनाइन्छ भन्नुहुन्छ (पृ १६८) । त्यस्तै अर्का विशेषज्ञ कल्पना श्रेष्ठले पनि यस जात्राको संम्क्षीप्त चिनारी दिनु भएको छ । हरिराम जोशी, *प्रदीप अभिनव संस्कृति विश्वकोष*(वि.सं. २०७०)मा यस जात्रा जस्तो अर्को दोस्रो जात्रा नेपालमा नभएका भनेर भन्नुहुन्छ (पृ. ९९४) । त्यस्तै यस जात्राको बारेमा विना पौड्यालले पनि छोटकारीमा वर्णन गर्नुभएको छ ।

आफ्नै मौलिक चिनारी, विधि आदि रहेको यस जात्रा नेपालमा मनाइने जात्राहरू मध्ये ठाउँको नाममा रहेर मनाइएको एक मात्र जात्रा हो । अरू भन्दा भिन्न रहेको यस जात्रा धेरै पुरानो अर्थात् ५०० वर्ष पुरानो रहेको भनेर हामी यस जात्रामा प्रयोग हुने मूर्ति फलकको लेखबाट थाहा पाउन सक्दछौ ।

काठमाडौँमा रहेको ऐतिहासिक बस्ती हाडिगाउँमा मनाइने एक जात्रा सत्यनारायणको जात्रा हो । यस जात्रा कही नभएको जात्रा हाडिगाउँमा वा चोक्टे नारायणको जात्राका नाममा पनि प्रचलित छ । यो जात्रा यस स्थान विशेष जात्रा हो । बच्चाको जन्म र सत्यनारायण भगवान बिचको सम्बन्धलाई लिएर मनाइने यस जात्रामा विशेष गरी भगवान सत्यनारायणलाई पुजा गरिन्छ । भगवान सत्यनारायणमा अर्पित यस जात्रामा भगवान शिव र ब्रह्मालाई पनि पुज्ने गरिएको छ । एक दिन मात्रै गरिने यस जात्राको तयारी महिनौ अगाडि देखि गरिएको हुन्छ । यस जात्रा भगवान सत्यनारायणलाई खुशी पार्ने उद्देश्यले गरिएको हो ।

आश्विन शुल्क पूर्णिमाका दिन मनाइने यस जात्रामा उक्त दिन खट यात्रा गरिन्छ । पूर्णिमाको दिन जात्रा गरिएतापनि जात्राको पूर्व तयारी अगाडि देखि नै सुरु हुन्छ । यस जात्रामा प्रयोग हुने मैनको फूल द्वितिया देखि बनाउन सुरु हुन्छ भने, खटहरू पनि जात्रा हुने दिन भन्दा एक हप्ता पहिले देखिनै बनाउन सुरु भएको हुन्छ । ब्रह्मा, विष्णु र शिव प्रतिकका तीन खट बनाई खटयात्रा साथ यस जात्रा मनाइने गरिन्छ । जात्राको दिन बाजागाजा सहित पुजा गरेर खटहरूको यात्रा गरिएको हुन्छ ।

काठमाडौँमा मनाइने जात्राहरूमा प्रयोग हुने खट भन्दा यहाँ प्रयोग हुने खट अलि भिन्न किसिमको छ । अरू जात्राहरूमा प्रयोग हुने भन्दा उल्टो वा गजुर तल र भगवान माथि राखिने ढाँचाको खट यस जात्राको मौलिक पाटो हो । देख्दा उल्टो खट देखिने, मैनको फुल, खटको माथिल्लो घुम्ने भाग आदि कुराहरूले गर्दा यस जात्रा आफैमा मौलिक र अद्वितीय छ । ठाउँको नामले प्रख्यात यस जात्रा, जात्राका दिन धेरै मानिसहरूको सहभागिता रहेपनि त्यस पश्चात भने मानिसहरूको यादमा रहेको देखिदैन । हाडिगाउँका तीन टोलमा मात्र यो जात्रा गरिने भएतापनि यसले पुरै काठमाडौँको चिनारी दिएर बसेको छ ।

समग्रमा आफ्नो मौलिक चिनारी बोकेको यस सत्यनारायणको जात्रा आफैमा विशेष छ । जात्रामा रहेको लेखबाट यस जात्रा वि.सं. १५४१ मा रहेको किटेर भन्न सकिन्छ भने यो जात्रा अझै पूरानो हुन सक्ने अनुमान गर्न सकिन्छ । हाडिगाउँलाई चिनाउदै आएको यस जात्रालाई जात्राको दिनमा सबैले माया गरेपनि अरू दिन भने खासै वास्ता भएको देखिदैने । विभिन्न कठिन परिस्थीत अनुरूप पनि यस जात्राको निरन्तरता भने अझै रहेको र यसलाई आउदो दिनमा पनि निरन्तरता दिन सबैको आ-आफ्नो ठाउँबाट सहयोगको खाचो छ ।

## ५.२ सुझाव

जात्रा पर्व भनेको हाम्रो संस्कृति, हाम्रो पहिचान हो । यसको संरक्षण सबैले गर्नुपर्दछ भनेर जनचेतना जगाउनुपर्दछ साथै धार्मिक आस्थालाई पनि जोगाउनु आवश्यक देखिन्छ । जात्रा निरन्तरता दिन खडा गरिएका गुठी, खलः आदिको उचित संरक्षण गरिनुपर्दछ । विकृति, विसंगति हटाएर मैत्रीपूर्ण वातावरणमा जात्रा सञ्चालन गर्ने व्यवस्था स्थानीय प्रशासनले गरिदिनु पर्दछ ।

जात्रा अवलोकनका क्रममा विधिको अवलम्बन हुन नसक्नु, नियम संगत हुन नसक्नु, झाराटार्ने प्रवृत्ति आदिले संस्कृतिको संरक्षण त हुन सक्दछ तर जीवन्तता हुन सक्दैन । तसर्थ जात्रालाई कायम राख्नु, संरक्षण र सम्वर्द्धन गर्न स्थानीय बासिन्दा तथा प्रशासनको प्रमुख भूमिका रहने देखिन्छ ।

यसैगरी युवा पुस्तालाई जात्राको परम्परा, महत्त्वबारे जानकारी दिइनुपर्दछ । साथै संरक्षणका लागि युवा पुस्तालाई सहभागी हुन प्रोत्साहन गरिनुपर्दछ र उचित प्रचारप्रसारको व्यवस्था गरेर जात्राको संरक्षण गरिनु पर्छ ।

यस जात्रा अन्तर्गतका सुझावहरू यसप्रकार देखिन्छन् :

- यस जात्रालाई लक्षित गरी एउटा छुट्टै जात्रा आयोजक समित वा गुठीको गठन गरिनु पर्ने ।
- जात्रासँग सम्बद्ध वर्गहरूलाई उचीत आर्थिक व्यवस्थापनका साथसाथै जात्राको महत्त्व बारेमा राम्रो ज्ञान दिनु पर्दछ ।
- गुठी संस्थानद्वारा दिइने सर सामान र अरू आर्थिक सामाग्रीहरूको उचित मूल्याङ्कन गरी प्रदान गर्ने ।
- उपयुक्त परिश्रमिक र आर्थिक व्यवस्थापनको व्यवस्था गरिनुपर्ने ।
- मानवशक्तिको उचित व्यवस्थापन र जनचेतना कायम गरिनुपर्ने ।
- खटमा प्रयोग हुने समान र पाटपूर्जाहरूको मर्मत सम्भार र पूराना भएका पाटपूर्जा नयाँ बनाउनु पर्ने ।

- उचित व्यवस्थापन र युवापुस्तामा सहि सन्देश सहितको जनचेतना कायम गरी जात्रा सञ्चालन गर्ने ।
- उचित स्वस्थ्य मापढण्ड कायम गर्नुपर्ने र सकेसम्म बीमाको व्यवस्था गरिनु पर्ने ।
- जात्राको महत्त्वलाई जनचेतना फैलाउन कोसिस गरिनु पर्ने ।
- नेपाल र खासगरी काठमाडौँमा उचित प्रचारप्रसार गरिनु पर्ने ।
- बेला बेलामा जात्रा सम्बन्धी अन्तरक्रिया, छलफल आदि गराइनुपर्ने ।
- संस्कृतिक पर्यटनको रूपमा विकास गर्न त्यस सम्बन्धी योजना तर्जुमा गरिनु पर्ने ।
- यस जात्रामा रही अझ विश्लेषात्मक अनुसन्धान गरिनु पर्ने ।

अन्त्यमा, जात्रा पर्व हाम्रो धरोहरलाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गरिन्छ र यसबाट नै सांस्कृतिक परम्पराको संरक्षण र सम्वर्द्धन हुन्छ । यसमा स्थानीय बासिन्दा, स्थानीय तह, प्रदेश र केन्द्रीय निकायको अहम भूमिका हुन्छ । हरेक क्षेत्रले आ-आफ्नो भूमिका निर्वाह गरेर परम्परालाई जोगाउनुपर्दछ अन्यथा जात्राको अस्तित्व नै संकटमा पर्ने देखिन्छ । तसर्थ अन्य सबै झै-झगडालाई बिर्सेर यस जात्रालाई राम्रो तरिकाले सञ्चालन गर्न आवश्यक देखिन्छ । जात्राको बारेमा विभिन्न किसिमका रणनीतिहरू बनाई युवा र महिलाको सहभागिता बढाउन सके जात्राको महत्त्व अझै बढ्ने र बलियो हुने देखिन्छ । यसरी गरे यस जात्राले धर्म संस्कृतिमा मात्रै नभएर संस्कृतिक पर्यटनमा समेत टेवा पुऱ्याउने देखिन्छ ।

## सन्दर्भ ग्रन्थ सूची


एन्डरसन, मेरी, (१९८८), *फेस्टिवल्स अफ नेपाल,* रूपा एन्ड को ।

उपाध्याय, श्रीरामप्रसाद (वि.सं. २०७६), *नेपालको प्राचिन र मध्यकालिन इतिहास,* रत्न पुस्तक भण्डार ।

कृष्ण्ण, एम (१९७६), *सिरे पेरदिउ कास्टीङ्ग इन इन्डिया,* कनक पब्लिकेशन ।

खत्री, प्रेमकुमार (वि.सं. २०३६), *नेपाली समाज र संस्कृति (प्राचीन-मध्यकाल),* पाठ्यक्रम विकास केन्द्र ।

जोशी, हरिराम, (वि.सं. २०६०), *नेपालका चाडपर्व,* जोशी रिसर्च इन्स्टिच्यूट ।

जोशी, हरिराम, (वि.सं. २०७०), *प्रदिपः अभिनव संस्कृति विश्वकोष,* वकर्स प्रकाशन ।

तिवारी, सुदर्शन राज, (२००२), *द ब्रिक एण्ड द बूल,* हिमाल बक्स ।

पोखरेल, निर्मला र खनाल, सन्ध्या, (वि. सं.२०७७), *पशुपति क्षेत्रको संस्कृतिक सम्पदा (मूर्त र अमूर्त),* पशुपति क्षेत्र बिकास कोष ।

पौड्याल, वीणा, शर्मा, (वि.सं.२०६२), *काठमाण्डौं उपत्यकाका विष्णुविभव मूर्ति र चित्रहरु,* नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

पौड्याल, वीणा, शर्मा, डिल्लीराज र पोखरेल, गोपाल, (वि.सं.२०७८), *नेपाल उपत्यकाका जात्रा,* नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी ।

बज्राचार्य, धनवज्र, (वि.सं. २०३०), *लिच्छविकालका अभिलेख,* नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

मल्ल, कमलप्रकाश र बज्राचार्य, धनबज्र, (वि.सं.२०४२), *गोपालराज वंशावली,* नेपाल रिसर्च सेन्टर पव्लिकेशन ।

रेग्मी, जगदिशचन्द्र, (वि.सं.२०५८), *नेपालको धार्मिक इतिहास,* रत्नपुस्तक भण्डार ।

लेभी, सिल्भाँ, (२००७), *नेपालः हिन्दूअधिराज्यको इतिहास,* हिमाल एसोसिएसन ।

वाङ्देल, लैनसिंह, (१९९५), *ईन्भेन्टोरी अफ स्टोन इस्कल्पचर अफ काठमाडौं भ्याली,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

वाङ्देल, लैनसिंह, (वि.सं.२०३२), *नेपाली मूर्तिकलाको विकास क्रम,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, कल्पना, ( वि.सं.२०७७), *काठमाण्डौं उपत्यकाको संस्कृतिक परम्परा,* पल्लव प्रकाशन प्रा ली ।

श्रेष्ठ, अमन र राणा, सन्तनुप्रताप, (वि.सं. २०७३), *नेपालका चाडपर्व तथा राष्ट्रिय दिवसहरू,* मधुवन प्रकाशन ।

सञ्चार तथा सुचना मन्त्रालय, (वि.सं.२०८०), सिंहदरबार, सञ्चार विभाग ।

# परिशिष्ट

## परिशिष्ट १ : अन्तर्वार्ता लिइएका व्यक्तिहरूको नामावली

१ गणेश बहादुर मानन्धर, हाडिगाउँ, ७३ बर्ष

२ मानबहादुर शाही, हाडिगाउँ, ४६ बर्ष

३ सागर श्रेष्ठ, कीर्तिपुर, ४७ बर्ष

४ राकेश महर्जन, हाडिगाउँ, ४२ बर्ष

५ श्यामकुमार डंगोल, हाडिगाउँ, ३८ बर्ष

६ अनिल श्रेष्ठ, हाडिगाउँ, ३३ बर्ष

७ आनन्द श्रेष्ठ, हाडिगाउँ, २९ बर्ष

८ सूरेश प्रजापति, हाडिगाउँ, २८ बर्ष

## परिशिष्ट २ : सोधिएका प्रश्नहरूको नमूना

१. हाडिगाँउको ऐतिहासिकता बारे के थाहा छ ?

२. हाडिगाउँको सत्यनारायण जात्राको बारेमा के भन्नुहुन्छ ?

३. हाडिगाउँको जात्रा कहिले देखि मनाउन थालियो ?

४. यो जात्रा, पर्व कस-कसले मनाउने गर्दछन् ?

५. यो जात्रा कसरी मनाउने गरिएको छ ?

६. यो जात्राको मूर्तिको बारेमा के भन्न सक्नुहुन्छ ?

७. यो जात्राको अध्ययन अनुसन्धान भएको छ, छैन ?

८. यो जात्रामा नयाँ पुस्ताको आकर्षण कत्तिको छ ?

९. यो जात्राको विधि विधान बारे के थाहा छ ?

१०. यो जात्राको धार्मिक, सांस्कृतिक महत्त्व के छ ?

११. यो जात्रामा आएका परिवर्तन तथा बदलाका बारेमा के भन्नुहुन्छ ?


१२. यो जात्रामा केही कमी कमजोरी छ, छैन ?

१३. यो जात्रामा सहयोगको खाचो छ, छैन ?

१४. यो जात्रामा क-कसले सहयोग गरेका छन् ?

१५. यो जात्राको बारेमा पुग अपुग केही थप्नुहुन्छ ?

## परिशिष्ट ३ : सत्यनारायण जात्रामा प्रयोग हुने मूर्तिको फलकमा लेखिएको लेखको लिप्यान्तर



नेपाल सरकार

राष्ट्रिय अभिलेखालय

मिति २०७९/०९/२८ मा त्रि.वि को नेपाली, इतिहास, संस्कृति र पुरातत्व केन्द्रिय विभागमा अध्ययनरत विद्यार्थी श्री समीर रेग्मीले यस कार्यालयमा दिनुभएको निवेदन अनुसार हाँडीगाँउ चोक्टे नारायण मूर्तिको पादपीठ अभिलेखको लिप्यान्तर

ॐ सम्वत् ६०५ अशुनि शुक्ल चतुर्दशि प्र पूर्णिमास्यायां तिथौ उ–

त्रभद्र नक्षत्रे ध्रुवजोगे शुक्रवासरे श्रीश्री पद्मनाभ श्री नारा–

यनस प्रदिष्ठा यातनो गोथित दयका शुभमस्तुः ॥

भाषान्तर पाठ

नेपाल संवत् ६०५(विसं १५४१) आश्विन शुक्ल चतुर्दशी उप्रान्त पूर्णिमा तिथि उत्रभद्र नक्षत्र ध्रुव योग शुक्रवारको दिनमा श्रीश्रीश्री पद्मनाभ नारायण प्रतिष्ठा गर्न गुठि बनाइयो । शुभ होस् ॥

नोटः–

नेपालसंवत् ६०५ मा ८०२ जोडेमा लिच्छविसवंत् १४०७ आउने भयो । यो १४०७ भनेको शकसंवत् १४०५ को कार्तिक देखि शकसंवत् १४०६ को आश्विन सम्म रहने हुनाले आश्विन महीनामा शकसंवत् १४०६ हुन आउने भएको हुंदा यही १४०६ शकसंवत्मा १३५ जोडेपछि विक्रमसंवत् १४५१ भएको हो । प्रायः जसो लेखकहरुले कार्तिकदेखि चैत्र सम्मको भए ने.संमा ९३६ जोड गर्ने र वैशाख देखि आश्विन सम्मको भए ९३७ जोडेर गलत गर्दै आएकोले यो खुलासा दिनुपरेको हो ।

लिपि अनुवादक तथा भाषान्तर
लिपिविद्‌ श्यामसुन्दर राजवंशी

अभिलेख अधिकृत
राष्ट्रिय अभिलेखालय

## परिशिष्ट ४ : गुठी संस्थानबाट हाडिगाउँ जात्राको लागी जाने जिन्सी सामग्रीको विवरण

गुठी संस्थानबाट आश्विन सुदी १५ रोजमा सञ्चालन हुने हाँडीगाउँ जात्राको लागि कार्यालयबाट जाने जिन्सी सामग्रीको विवरण

| जिन्सी सामानको नाम | परिमाण | | कैफियत |
|---|---|---|---|
| १. तोरीको तेल दुई पाथी तीन माना | १०.७९२ | लिटर | |
| २. सेतो बोडी एक पाथी | ३.५९२ | केजी | |
| ३. स्यावजी तीन पाथी | १.४६४ | केजी | |
| ४. एक कुर्वाको दही कतहरा बाह्र | १३.६३२ | लिटर | |
| ५. मासको दाल एक पाथी | ३.५५२ | केजी | |
| ६. नुन एक पाथी | ४.०० | केजी | |
| ७. कालो भटमास एक पाथी | ३.२४० | केजी | |
| ८. गुनास एक पाथी | ३.९०४ | केजी | |
| ९. बेसार एक माना | ०.३५० | केजी | |
| १०. फ.चा. | १८१.८०० | केजी | |
| ११. चिउरा | १९२.२५५ | केजी | |
| १२. बाँसको लिङ्गो तीन | ३ | गोटा | |
| १३. अदुवा दुई धार्नी | ४.८०० | केजी | |
| १४. मैन छ धार्नी | १४.४०० | केजी | |
| १५. मुलाको चाना एक धार्नी | २.४०० | केजी | |
| १६. २X३ धार्नीको थुमा भेडा एक | १ | गोटा | |
| १७. राँगाको मासु दश धार्नी | २४.०० | केजी | |

## परिशिष्ट ५ : चित्रफलक



चित्र नं. १ : जात्रामा प्रयोग भएको ब्रह्माको मूर्ति फलकमा रहेको लेख




चित्र नं. २ : गर्भगृहमा रहेको सत्यनारायणको मूर्ति, ई. दोश्रो वा तेश्रो शताब्दी **(Ulrich Von Schroeder, 2019, p. 404)**




चित्र नं. ३ : सत्यनारायण जात्रामा अनुसन्धानकर्ता




चित्र नं. ४ : जात्रामा प्रयोग गरिने खटको ढाँचा



चित्र नं. ५ : जात्रामा प्रयोग गरिने मैनको फूल



चित्र नं. ६ : ब्रह्मा, सत्यनारायण र महेश भगवानहरूको प्रतिमा



चित्र नं. ७ : जात्राको अवसरमा नायखी बाजा बजाउदै



चित्र नं. ८ : कोटाल टोल, शिव मन्दिरमा पूजा



चित्र नं. ९ : कोटाल टोल, कुमारकार्तिकेयको मन्दिरमा पूजा



चित्र नं. १० : जात्रामा खट उठाउनु पूर्व खटको पूजा



चित्र नं. ११ : राजभण्डारी पुजारीको (दाँया) सिकाइमा श्रेष्ठ पुजारी (बाँया) पुजा गर्दै



चित्र नं. १२ : खट उठाउन लाग्दा पैटा खलः बाजा बजाउदै



**चित्र नं. १३ : जात्रामा ब्रह्मा, सत्यनारायण र महेशका खटहरु**



**चित्र नं. १४ : जात्रामा खट घुमाउँदै**



चित्र नं. १५ : हाडिगाउँ डवली तल सत्यनारायणको मन्दिरमा पूजा



चित्र नं. १६ : जात्राको समाप्ती पछि खट लडाएको




चित्र नं. १७ : उमा महेश्वर साथ सुर्य, चन्द्र, गणेश, कुमार र गंगा (जात्राको अवसरमा)



चित्र नं. १८ : सत्यनारायण भगवान (जात्राको अवसरमा)



चित्र नं. १९ : बह्मा प्रीतक सत्यनारायण भगवान (जात्राको अवसरमा)




**चित्र नं. २० : खटको स्वरूप**



**चित्र नं. २१ : जात्रामा रमाउँदै मानिसहरू**